वर्ष ९, अङ्क ३, पूर्णाङ्क ८३, कार्तिक २०७४

प्रेस काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत मासिक पत्रिका

Agnichakra National Monthly

# अग्निचक्र



सतगुरु गोरखनाथ बाबा

www.agnichakranews.com

राष्ट्रिय मासिक




- एकताले केही हुनेवाला छैन : डीपी आचार्य
- समालोचना पुष्पको सुगन्ध : मधुसूदन पन्थी
- *पछिल्लो प्राप्ति नै सुखद : गणेश प्रसाद घिमिरे*
- ६ वर्ष अघिको अग्निचक्रका महत्वपूर्ण दुई चिज
- वाह वाह नेपाल : पं. रमेश अधिकारी
- Deities : Dr. Y.B. Shrestha

८३ औं यात्रा

ISSN 2362-1109

# छोरा र छोरीलाई समान व्यवहार गरौं, छोरीलाई पनि स्कुल पठाऔं ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

वर्ष ९ अङ्क ३ पूर्णाङ्क ८३

By the Grace of God
Edited & Published by L.N. Bhattarai

संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौं, नेपाल ॥

सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौं
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८

**मुद्रण**
एस.पी. प्रेस,कामनपा-३१

# रचनात्मक र सिर्जनात्मक राजनीतिका लागि अनुरोध

*स्थानीय निकायको निर्वाचन तीन चरणसम्म गराएर भएपनि सफलतापूर्वक सम्पन्न गराएपछि संविधान कार्यान्वयनको बाटोमा मुलुकभरका सबैदलहरू सहभागी भए अनुसार मुलुकवासी जनताहरू सबैदलहरू मिलेपछि र चुनाव सम्पन्न भएपछि अब चाहि मुलुकले निकास पायो है भनि खुशी मनाइरहदा एक्कासी झस्केका छन् । यही आउदो मंसीर १० र २१ गते हुने भनिएको प्रदेश तथा प्रतिनिधि सभाको चुनावपछि संविधान कार्यान्वयन हुदै संस्थागत तर्फ लम्किरहेका बखत एक्कासी वाम एकता भइ राजनीतिक ध्रुविकरण हुनथाले पछि कतै आउदो चुनावै नहुने हो कि ! भन्ने आशंका जनताले गर्न थालेका छन् ।*

*मुलुकमा अब चाहि राजनीतिक स्थायित्व, विकास र समृद्धिले काचुली फेर्दै नयाँ युगतर्फ यो लोकतान्त्रिक गणतन्त्रले पाइलो सार्छ है भन्दै खुशी भएका जनता यदि यो मंसीरको चुनाव हुन नसकेर कतै मुलुक अतिवाद तर्फ लम्केर प्रतिगमनले टाउको ठाडो पार्ने अवस्था तर्फ पो जाने हो कि ! भनेर निराश हुन थालेका छन् । लोकतान्त्रिक अभ्यास मान्दै वामपन्थी र प्रजातन्त्रवादी दलहरूले अघि बढ्नुको विकल्प त छैन नि । तैपनि पार्टी एकता र चुनावी तालमेलमा गोलबद्ध हुँदा हुँदै सत्ता र इगोका कारण अरू बेलाका रिसहरू पोख्न थालेर रिसारिस गर्न थाले भने चाहि लोकतन्त्र धरापमा पर्न सक्नेछ, यसतर्फ सबैदल सचेत रहन जरूरी छ ।*

*राष्ट्रमा स्थायी शान्ति छाओस् भन्ने उद्देश्य राखी प्रजातान्त्रिक मान्यता, संस्कार र पद्धति विकासको नेतृत्व लिएका दलहरूले माओवादीसँग मिलेर राजनीतिक आन्दोलन गर्दै लोकतन्त्रका लागि लडेर ०६३ मा लोकतन्त्र ल्याएका हुन् । अब मंसीर पछि संवैधानिक र राजनीतिक स्थायित्वका साथमा नयाँ संविधानको पूर्ण र संस्थागत कार्यान्वयन भई भारत, चीन र अमेरिकाले गरेको प्रगती देखेर नेपाललाई पनि उनीहरूकै जस्तो प्रगतितर्फ उन्मुख गराउनुपर्नेमा एमाले, माओवादी केन्द्र र नयाँ शक्तिका नेतृत्वकर्ताहरू ओली, प्रचण्ड र बाबुरामले एक्कासि वाम एकताको घोषणा गरेर मुलुकलाई अस्तव्यस्त तर्फ धकेल्न खोजेका त होइनन् भन्ने प्रश्न उब्जिएको छ ।*

*यसर्थ मुलुक हितका लागि रचनात्मक र सिर्जनात्मक राजनीति गर्नु हुन सबै नेताहरूलाई अग्निचक्र हार्दिक अनुरोध गर्दछ । बडादसैँ, दीपावली, छठपर्व तथा नेपाल सम्वतको शुभ अवसरमा नेपाली जनताको उत्तरोत्तर प्रगति होस् भनी अग्निचक्र हार्दिक मंगलमय शुभकामना समेत व्यक्त गर्दछ ।* ◆◆

॥ जय गोरख ॥

**विजया दशमी, शुभदीपावली तथा छठपर्व** २०७४ को उपलक्ष्यमा हाम्रा लेखक, पाठक, विज्ञापनदाता, शुभचिन्तक एवं समस्त नेपालीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।



गोपाल घिमिरे
डाइरेक्टर एवं
**अग्निचक्र राष्ट्रिय मासिक परिवार**





# ॐ सतुगुरू वन्दना

गोरक्ष् वालम् गुरुशिष्य पालम् ।
शेषः हिमालम् शशीखण्ड भालम् ॥
कालष्य कालम् जितजन्म जालम् ।
वन्दे जटालम् जगदाव जालम् ॥


## अग्निचक्रमा हिन्दी साहित्य !

म 'अग्निचक्र' मासिकको नियमित पाठक हुँ । स्वास्थ्य, साहित्य, राजनीति र अध्यात्मक्षेत्रका विविध कुराहरूलाई अत्यन्तै सरल ढंगबाट प्रस्तुत गर्ने यो 'अग्निचक्र' मासिक वास्तवमै सर्वगुण सम्पन्न खुराक दिने पत्रिका हो भन्न मन लाग्यो । मैले यसो भन्नुको कारण २०७४ भदौ अंकमा प्रकाशित चन्द्रेश्वरप्रसाद रौनियारको नयाँ पुस्तक 'स्मृतियों का साया' बारेको प्रस्तुतिका कारण नै हो अर्थात् 'अग्निचक्र' मासिकले हिन्दी साहित्यलाई पनि स्थान दिने गरेकाले गर्दा समानुपातिक सिद्धान्त मान्ने खुला हृदयको मासिक पत्रिका 'अग्निचक्र' नै हो भन्ने प्रमाणित भयो । 'अग्निचक्र' परिवारलाई बडादसैँ, दीपावली तथा छठपर्वको हार्दिक शुभकामना । – **रामहरि उपाध्याय,** गोकर्ण

## एउटै बाबाको लगातार ?

'अग्निचक्र' ले ९ वर्षे इतिहासमा पहिलो पटक एउटै मान्छेको दुई पटक चर्चा परिचर्चा छापेको पाइयो, २०७४ साउन अंकमा सुदर्शन बाबाको अन्तर्वार्ता छापिएको पाइयो र फेरि तुरुन्तै २०७४ भदौ अंकमा 'भारतमा पशुपतिबाबा नामले प्रख्यात सुदर्शन बाबा' भनी पुनः गुणगान छापेको पाइयो । एउटै बाबाको लगातार ? उत्तर चाहियो ।

– **हरिशरण ढुंगेल,** रामेछाप




## ससुराल पनि अमेरिका !

'अग्निचक्र' मासिकको गतांकमा एउटा अन्तर्वार्ता स्रष्टा डम्बरप्रसाद घिमिरेको पढ्न पाइयो । यसमा घिमिरेज्यूले ससुराल गएको थिएँ अमेरिका भन्नुभएको पाइयो । खुबै रामाइलो अन्तवार्ता लाग्यो । हुन त घिमिरेज्यू हास्य टेलिशृङ्खला 'तितो सत्य', 'मेरी बास्सै' र 'जिरे खुर्सानी' मा पनि हास्य कलाकारको रूपमा चिरपरिचित हुनुहुन्थ्यो । कलाकारको रूपमा पनि मैले उहाँलाई चिन्ने गरेको छु । यसपटक पनि अन्तर्वार्ता पढेर मलाई भन्न मन लाग्यो– वाह ! ससुराल पनि अमेरिका !

– **पदम बानिया,** जगाती, भक्तपुर।


## सूचना

**बडादसैँ, दीपावली तथा छठपर्वको अवसरमा संस्थाको थापाथली गोदाम र नख्खु गोदामबाट छुटमूल्यका साथ विभिन्न खाद्यान्न सामग्रीहरू बिक्री वितरण भइरहेको ब्यहोरा अनुरोध छ ।**

# नेपाल खाद्य संस्थान

**प्रधान कार्यालय : काठमाडौँ ।**

**बडादसैं, दीपावली तथा छठपर्व २०७४ को सुखद् उपलक्ष्यमा समस्त नेपालीहरूमा हार्दिक मङ्गलमय शुभकामना ।।**

सिनर्जी फाइनान्स लिमिटेड
Synergy Finance Ltd.
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

| केन्द्रीय कार्यालय | कर्पोरेट अफिस |
| --- | --- |
| मिलनचोक, बुटवल १०, रुपन्देही | कमलादी, काठमाण्डौ |
| पो.ब.नं. २५, फोन: ७१-५५१५९०/९१ | पो. ब. नं. २१५०७, फोन: ४४४२४६१/६२/६३ |
| फ्याक्स: ५५१५९२ | फ्याक्स: ४४४२४६० |

# बडा दसैं तथा शुभदीपावलीको

शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक सदस्य, शुभचिन्तक तथा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



नेपाल एग्रो
माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
Nepal Agro Microfinance Bittiya Sanstha Limited

**तेजेन्द्र शर्मा लम्साल**
प्रमुख कार्यकारी अधिकृत
तथा

## नेपाल एग्रो
माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड परिवार

**बडा दसैं तथा शुभदीपावलीको** शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक सदस्य, शुभचिन्तक तथा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**विनोद आचार्य**
प्रमुख कार्यकारी अधिकृत
तथा

आरम्भ
माइक्रो फाइनान्स
वित्तीय संस्था लि.

## आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड परिवार
*केन्द्रीय कार्यालय : पुलबजार, बनेपा, काभ्रे, नेपाल*

# स्वार्थी नेताहरूको एकताले केही हुनेवाला छैन



राजनीतिमा जे पनि सम्भव छ, राजनीतिमा स्थायी शत्रु वा मित्र कोही पनि हुदैन भन्ने कुरा नेपाली राजनीतिमा एमाले, माओवादी केन्द्र र नयाँ शक्ति नेतृत्वको वाम गठबन्धनले पुस्टी गरेको छ । वाम गठबन्धन बिचको यस एकता घोषणामा नेताहरूले बोलेका कुरा ८० प्रतिशत मात्रै पूरा हुने हो भने र जनताले यो वाम गठबन्धनलाई चुनावमा साथ दिए भने अब नेपालमा चाडै कम्युनिष्ट शासन आउछ कि क्या हो ! भन्ने कुरा अब धेरै कुर्नु नपर्ला । नेपाली राजनीति र साहित्यको एउटा युगको नेतृत्व गरेर नेपाल राष्ट्र, समाज तथा व्यक्तिमनमा प्रतिष्ठा जमाइ सकेका वीपी कोइरालाले जन्माइ-हुर्काएको नेपाली कांग्रेसको भविष्य कस्तो होला भन्ने चिन्ता देशैभरका सच्चा कांग्रेसी कार्यकर्ताहरूले गर्न थालेका छन् साथै यो वाम एकताबाट नेताहरू भस्कन थालेका छन् र निद्रामा पनि केन्द्रीय नेताहरू बरबराउन थालेको कुरा सुन्न थालिएको छ ।

राजनीति तथा कलम (साहित्य) दुवैका माध्यमबाट नयाँ विषय र शिल्पको खोजी गरी नेपाली साहित्यलाई आफू बन्दी भएर पनि पूर्ण जोश जागरका साथ आधुनिकताको सिँढी चढाउँने प्रखर कलाकार बी.पी. कोइराला नै हुन् । नेपालको प्रजातान्त्रिक आन्दोलनलाई नेतृत्व गर्दै बीपीले शुरूमा हातहतियारको र पछि शान्तिपूर्ण समर्पणको उपयोगबाट विभिन्न कालखण्डमा नेपाली राजनीतिलाई नयाँ ढंगले तरंगित पार्न सफल यी जननायक कोइरालालाई जुनसुकै पार्टीका कार्यकर्ताले पनि मन पराउँछन् । बीपीको नाम भजेर नै आजसम्म नेपाली कांग्रेसले जनमत जित्दै आएको छ र अपवाद समय बाहेक अन्य सबै समयमा पहिलो पार्टीको ट्याग भिरेर सरकार हाक्दै पनि आएको छ । यो वाम एकताबाट नभस्किकन वीपीको बाटो समातेरै अघि बढिरहने हो भने अब कांग्रेस पहिलो नभए पनि दोस्रोबाट तेस्रो हैसियतमा झर्नु पर्दैन ।

जीवनकाल भरी बीपीले आफ्ना सूत्रबद्ध विचारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशलाई आफूतिर आकर्षित गर्न सक्ने सामर्थ्य देखाउनु भएको कुरालाई स्मरण गर्दै आम कांग्रेसी नेता तथा कार्यकर्ताले वीपीले मार्गदर्शन गरि देखाएका

> ***नियत सफा भएको बीपीजस्तो नेता नजन्मेसम्म यो मुलुकमा कुनै ठूलो परिवर्तन हुने छाँट म चाहि देख्दिन ।***

सिद्धान्त र पद्धतिलाई आम कांग्रेसी वीपीका अनुयायीहरूले महत्व दिदैं जनतामाफ नयाँ नयाँ कार्यक्रमहरू लिएर जाने हो भने कांग्रेस मूलधारको राजनीतिमा सदा जिवित रहने छ भन्ने मेरो ठम्याई छ । वीपीका सैद्धान्तिक आधारका रूपमा रहेका राष्ट्रियता, प्रजातन्त्र, समाजवाद तथा व्यवहारिक रूपमा हतियारबद्ध र मेलमिलाप एवं सत्याग्रहका आन्दोलनहरूको सम्झना गराई जनता बिच पुगेर बीपीको योगदानको मूल्यांकन गराउँन सके यो गणतान्त्रिक युगमा पनि कांग्रेस बलियो रहन सक्छ । दुईतिहाइ बहुमतका लागि यो वाम एकता भएको हो भनेर केपी ओली जति उफ्रिए पनि बीपीसँग तुलना गर्न उनी योग्य छैनन् ।

दशवर्ष अघिको काम पूरा भयो, यो वाम एकता कांग्रेस विरूद्ध होइन, भन्ने प्रचण्डको कुरा विश्वास गर्न लायकको छैन, किनकि गिरिजाबाबुलाई धोका दिने यही प्रचण्ड हो । एकताले नेपाल राष्ट्रलाई नयाँ युगमा प्रवेश गराउँदैछ भन्ने बाबुराम कस्ता नेता हुन् भन्ने कुरा नेपाली जनताले बुझिसकेका छन् र एस डी मूनीको पुस्तकले बाबुरामको हैसियत देखाइसकेको छ, यसर्थ केपी, प्रचण्ड र बाबुराम मिल्दैमा यो मुलुक अब स्वीजरल्याण्ड बन्छ भनि सोच्नु व्यर्थ छ । यी नेताहरूले कुन पोखरीको पानीमा पौडी खेलेर अहिले नाच्दै छन् भन्ने कुरा पढेलेखेका जनतालाई राम्रोसंग थाहा छ ।

"यो वाम एकता एउटा ऐतिहासिक परिघटना हो, यसले बृहत् ध्रुवीकरण मार्फत मुलुकलाई नयाँ युगमा प्रवेश गराउनेछ" भनेर नेपाली कम्युनिष्ट नेताहरू जति उफ्रिए पनि यहाँ केही हुने वाला छैन किनकी एमाले पनि फुट्दै जुट्दै गुटबन्दीमा रूमल्लिदै आएको दल हो, त्यस्तै प्रचण्ड र बाबुराम पनि फुटेर फेरि जुटेकाले मलाई चाहि यो वाम एकताले ठूलो भूकम्प ल्याउला कि भन्ने विश्वास एक रत्ति पनि छैन । स्वतन्त्र, प्रजातान्त्रिक र न्यायपूर्ण प्रणालीमा आधारित नेपालको नवनिर्माणमा नियत सफा भएको बीपीजस्तो नेता नजन्मेसम्म यो मुलुकमा कुनै ठूलो परिवर्तन हुने छाँट म चाहिँ देख्दिन । जय नेपाली जनता ॥ ◆◆


# नेपाल राष्ट्र बैंकको अनुरोध

**तपाईंसँग उद्यम व्यवसाय गर्ने सीप र योजना छ तर धितो छैन भने पनि बैंक तथा वित्तीय संस्थाले परियोजना धितो राखेर कर्जा प्रदान गर्दछन् । आजैदेखि सीप सिकेर उपयुक्त व्यावसायिक योजनासहित बैंक तथा वित्तीय संस्थामा कर्जाका लागि सम्पर्क राखौं । तपाईंको इमानदारिता नै बैंक कर्जाका लागि धितो बन्न सक्दछ ।**

**विना धितो परियोजना कर्जा लिई उद्यम गर्ने बारे घरघरमा चर्चा गरौं ।**


बडा दशैंको
शुभकामना
रामहरि दाहाल
प्रमुख कार्यकारी अधिकृत
मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
कर्पोरेट कार्यालय
बट्टार, नुवाकोट
फोन नं. ०१०-५६१७४६/५६१७४७
सम्पर्क कार्यालय
ज्वागल, कुपण्डोल, ललितपुर
फोन नं. ०१ -५५५२७५७९/५५२८१३६
गरिबी न्यूनीकरणमा प्रत्यक्ष भूमिका खेल्दै आएको यस "मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड" मुलुकभरका ७५ वटै जिल्लामा शाखा विस्तार गर्ने अभियानमा तीव्र रूपले लागेको छ । – सीईओ दाहाल


# समालोचना पुष्पको सुगन्ध

पद्मकन्या क्याम्पसमा उपप्रध्यापकको रूपमा कार्यरत ज्ञाननिष्ठ ज्ञवाली नेपाली साहित्य तथा समालोचनाका क्षेत्रमा स्थापित भइसकेका व्यक्ति हुन् । गुल्मीको रूरू गा. वि. स.मा जन्मिएका ज्ञवालीका विविध विधाका गरी दर्जनभन्दा बढी कृति प्रकाशित भएका छन् । नेपालीमा एम. ए. र संस्कृतमा आचार्यसम्मको अध्ययन पूरा गरेका ज्ञवालीले त्रिचन्द्र कलेजबाट प्रथम श्रेणीमा प्रथम स्थान समेत हासिल गरेका थिए । आख्यानकार विश्वेश्वर प्रसाद कोइराला (२०६१), र भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका (२०६३) भन्ने २ वटा समालोचनाका ग्रन्थ लेखिसकेका ज्ञवालीको भरखर मात्र समालोचना पुष्प भन्ने समालोचनात्मक कृति प्रकाशन भएको छ ।

कक्षा १२ को अनिवार्य नेपालीको पुस्तक समेत लेखेका ज्ञवालीले कक्षा ८, ९ र १० का अनिवार्य नेपाली अभ्यास पुस्तक पनि लेखेका छन् । लोकतन्त्रको स्वाद भन्ने निबन्धात्मक कृति मार्फत् निबन्धकारका रूपमा समेत आफ्नो स्थान बनाउन सफल भइसकेका छन् । त्यस बाहेक पनि बालसाहित्यका क्षेत्रमा किम्बुको मसी, जनावरको कथा, सफल जीवन, विशाल र रीताको सफलता, खरायोको पोको प्रकाशित भएका छन् । त्यस्तै रूम टु रिडबाट १५ वटा बालपाठ्य साम्रगी समेत संयुक्त रूपमा लेखेका छन् ।

समालोचना पुष्प भन्ने कृति भर्खरै २०७१ सालमा प्रकाशित भएको कृति हो, जसमा भिन्न भिन्न ६ वटा शीर्षकका समालोचनात्मक लेखहरू रहेका छन् । तरूण तपसी महाकाव्यको विश्लेषण, स्रष्टा र समयको परिक्रमा, भारतीय नेपाली कथा विशेषांकको अध्ययन, भारतीय नेपाली एकांकी विशेषांकको अध्ययन, बसाई उपन्यासको विश्लेषण र अनिता उपन्यास एक चर्चा भन्ने ६ वटा अनुसन्धानमूलक लेखहरू रहेका छन् । यी समालोचनात्मक लेखहरू विश्वविद्यालयका विभिन्न *तहमा* अध्ययन गर्ने विद्यार्थी तथा अन्य साहित्यका अध्येताका लागि समेत उपयोगी हुन सक्दछन् ।

नेपाली साहित्यका परिष्कारवादी धाराका सर्वोच्च कवि लेखनाथ पौडेलको चुडान्त प्राप्तिका रूपमा रहेको बहुचर्चित तरूण तपसी




महाकाव्यको विश्लेषण गरिएको छ । कविको परिचयका साथै विभिन्न दृष्टिकोणबाट यसको विश्लेषणात्मक अध्ययन गरिएको छ । पूर्वीय साहित्य सिद्धान्तमा समेत राम्रो ज्ञान भएका समालोचक ज्ञवालीले पूर्वीय समालोचनाका विभिन्न काव्यतत्वका सन्दर्भमा समेत यसलाई केलाउने काम गरेका छन् ।

२०६२ सालमा उत्तम शान्ति पुरस्कार प्राप्त गर्न सफल भएको देवेन्द्र भट्टराईको **स्रष्टा र समय** भन्ने कृतिको पनि समालोचना गरिएको छ । कान्तिपुर दैनिक र गरिमामा विभिन्न समयमा प्रकाशित भएका ८० जना स्रष्टाका अन्तर्वार्ताहरू समेटेर यसको रचना गरेका छन् । २०३३ सालमा प्रकाशित उत्तम कुवँरको स्रष्टा र साहित्य देखिको ऐतिहासिक परम्परालाई यसले जोड्न खोजेको कुरा ज्ञवालीले बताएका छन् । यसको ऐतिहासिक महत्व तथा भाषाशैली, संरचना, यसमा समेटिएका साहित्यकारको नामावली तथा यसमा भएका साहित्यकारका महत्वपूर्ण उक्तिलाई समेत समेटेर विश्लेषण गर्ने काम गरेका छन् ।

भारतको आसाम लामडिगबाट के.बी. मसालद्वारा प्रकाशित हुँदै आएको विन्दु नामक पत्रिकाले भारतीय नेपाली कथा विशेषांक प्रकाशित गरेको छ । जसमा ४५ जना भारतीय नेपाली स्रष्टाका ४७ वटा कथाहरू संकलित रहेका छन् । त्यस कथा विशेषांकको सन्दर्भ प्रस्तुत गर्दै परिचय दिएका छन् । ४७ वटै कथाहरूको संक्षिप्त रूपमा चर्चा गरेका छन् । ती सबै कथाहरूको बारेमा एकमुष्ठमा परिचय दिएका छन् । त्यसमा प्रकाशित भएका कथाहरू स्तरीय, सरल भाषाशैली भएका भन्दै यसको प्रशंसा समेत गरेका छन् । मसालकै सम्पादनमा रहेको विन्दु पत्रिकाको भारतीय नेपाली एकांकी विशेषांक प्रकाशित भएको छ । जसमा रहेका २५ एकांकीको छोटो परिचय दिने र चर्चा गर्ने काम मात्र यिनले गरेका छैनन् । एकांकी विधाको परिचय र तत्व समेत उल्लेख गरेका छन् ।

बसाइँ उपन्यासको विश्लेषण भन्ने शीर्षकमा रहेर प्रवासी नेपाली साहित्यकार लीलबहादुर क्षेत्रीको चर्चित उपन्यास बसाइँको विभिन्न कोणका साथै उपन्यासका तत्वगत आधारमा विश्लेषण गरेका छन् । अनिता उपन्यास एक चर्चा भन्ने शीर्षकमा डायमन शमशेरको संक्षिप्त जीवनीका साथै उनीसँग भेटघाट हुँदाका समयमा भएको कुराकानीको संक्षिप्त चर्चा समेत गरेका छन् । शमशेरले साहित्य सिर्जनाको प्रेरणा कसरी प्राप्त गरे भन्ने कुरा समेत उल्लेख भएको छ । उनको अनिता उपन्यासको कथानक प्रस्तुत गरी भाषिक पक्ष समेत के कस्तो रहेको छ भन्ने उल्लेख गरेका छन् । विविध कोणबाट विश्लेषण गरेको भए हुन्थ्यो भन्ने जिज्ञासा भने यसका पाठकमा स्वाभाविक रूपमा पर्न जान्छ ।

यसरी जम्माजम्मी ६ वटा अनुसन्धानमूलक एवं विश्लेषणात्मक लेखहरूलाई समेटेर यो कृति तयार गरिएको छ । समग्रमा हेर्दा नेपाली समालोचनाका फाँटमा यसले एउटा इटा थप्ने काम गरेको छ, यसका केही कमजोरी भए पनि समग्रमा कृति उपयोगी रहेको छ । कृतिको मूल्य भने रू ३०० बढी नै भएको हो जस्तो लाग्छ । शुद्ध, सरल, मिठासपूर्ण भाषामा लेखिएको यस कृतिमा बौद्धिकता र पाण्डित्यता प्रदर्शन गर्न भने खोजिएको छैन । कृतिको पृष्ठसंख्या १०४ मात्र रहेको छ । भाषा तथा साहित्यका क्षेत्रमा निरन्तर रूपमा क्रियाशील ज्ञवालीका यसभन्दा पनि स्तरीय र उच्च कोटीका कृतिहरू पाठकहरूले प्राप्त गर्न सकुन् भन्ने कामना सहित यो छोटो लेखन अन्त्य गर्दछु । ◆◆

# अमृततुल्य गुण भएको लसुन



✍...... लक्ष्मीनारायण भट्टराई



आजको नेपाली गणतान्त्रिक नयाँ समाजमा बस्ने मान्छेहरू लसुनसँग अपरिचित सायद कोही पनि छैनन् नै होला । लसुनको बारेमा भगवानकै पालादेखिको कुराहरू सुन्न पाइने गरेको छ त्यो के हो भने'गरुडले स्वर्गबाट अमृत हरण गरी ल्याउँदा एक थोपा दुर्गन्ध भएको जमिनमा गिरेछ र त्यसबाट अमृततुल्य गुण भएको तर अनिष्ट गन्धवाला लसुन उत्पन्न भयो ।'

आयुर्वेद शास्त्रमा यसलाई महाऔषधिको रूपमा लिइन्छ । प्रकृतिमा गुलियो, अमिलो, पिरो, नुनिलो, तीतो र टर्रो गरी ६ वटा रस रहेका छन् । त्यसमध्ये पनि अमिलो रस बाहेक लसुनमा अन्य पाँचै रस रहेका छन् । त्यसैले संस्कृतमा लसुनलाई रसोन अर्थात (प्रकृतिमा भएका सबै रसमध्ये एउटा रस कमी भएको) भनिन्छ भने यसलाई **(रसोनलाई) अपभ्रंश भएर नेपालीमा लसुन भनिएको हो ।**

यसको विधिपूर्वक सेवन गरे रसायन हुन्छ । शरिरमा भै रहेका रोग निर्मूल पारी बलवर्ण वीर्य बढाई निरोगी, हृष्टपुष्ट, दीर्घायू गराउने औषधिलाई रसायन अर्थात् रस, रक्त, मौस, मेद, अस्थि, मज्जा र शुक्र धातुहरूलाई बढाउने हुनुको अतिरिक्त पक्षघात, क्यान्सर (अर्बुदरोग), कृमी, जीर्णज्वर, अरूची, गानो गोला, अल्काई, श्वासप्रश्वास, खोकी, कुष्ठरोग, अपच, वाथरोग, शुलचल्ने, साइटीका, तिघ्रा चलाउन नसक्ने रोग, पिसाबको रोग, अजिर्ण, हृदयरोग, डिप्थेरिया, गर्भाशय रोग, कम्मरमा वेदनायुक्त पिडा आदिमा समेत लसुन खाने तथा यसको लेप लगाउने गरेमा निकै फाइदा गर्दछ ।

**लसुनलाई उष्ण वीर्य र वीर्यवर्द्धक मानिन्छ ।** यसको सेवनले पाचनक्रिया सुदृढ पार्दछ भने टुटेको हाडलाई पनि जोड्दछ । **गला सफा गर्नु, रगत सफा गर्नु र रगत बढाउनु यसको एउटा गुण हो भने बुद्धिबर्द्धक हुनु र आँखाको रोगमा उपयोगी हुनु अर्को गुण हो ।** लसुनलाई साधारण तरिकाबाट सेवन गर्दा लसुनको पोटी (केस्रा) छोडाएर दिउला मात्र जम्बा गर्नु र घ्यू वा तिलको तेलमा तारेर शिशीमा भरिराख्नु, बिहान-बिहान सानो खालको लसुनलाई ३-४ पोटी र ठूलो खालको लसुनलाई ७-८ पोटीका दरले खाने गर्नुपर्दछ । त्यसपछि केही पातलो चीज (दूध, चिया, मोही वा तातोपानी) प्युनुपर्छ । कमसेकम एक महिना यस किसिमले सेवन गर्नुपर्छ गरम चीज परेज गर्नुपर्छ । घ्यू, दूधसँग प्रसस्तै भोजन गर्नुपर्छ । तर परिश्रम, दौडधूप र सेक्स सम्बन्ध गर्नुहुँदैन । पूर्वोक्त रसायनको गुण दिन्छ । अग्नि दीप्त गर्छ । गानु, गोला, दम, पुरानो ज्वरो आम अतिसार, पाण्डुरोग, क्षयरोग लगायतमाथि बताइएका **सबै रोग निर्मूल पार्छ । वीर्य वृद्धि गर्छ । कामशक्ति बढाउँछ । यसका अनेक गुणहरू छन् । जुन बताई साध्य छैन ।** यसको विषयमा प्रसिद्ध कविराज कृष्णरामजीले एउटा राम्रो गुणगानयुक्त श्लोक पनि लेख्नु भएको छ, जुन यस्तो छ -

*'गुणेष्वेको दोषो गुणिषु नियतं मज्जति यथा*
*करेष्विन्दोरंकः श्रुतिरियमलीकेति कलये ।*
*तथा हृप्च्चै : पित्त कफ हृदमद् भेदिलसुनं*
*महातृप्य लोकैरसुरभियतया त्यजयत इह ।।*

अर्थात्, चन्द्रमामा रहेको कलंक जस्तै धेरै गुणको समूहमा चौटा अवगुण (दोष) त्यसै दबिन्छ भन्ने यो भनाई झुठ्ठै जस्तो लाग्छ किनभने अनेक गुणको खानी(महातृप्य) खूब कामशक्ति बढाउने लसुनमा एउटा दुर्गन्ध दोष छ भनेर निन्दित गरेको छ ।

**लसुनको प्रयोग गर्ने विधि :**

लसुनको प्रयोग गर्दा वातादि दोषहरूको प्रकृति हेरेर मात्र गर्न सकिन्छ, अन्यथा हानिकारक पनि हुनसक्छ । जस्तै : वात प्रकृति हुने मानिसहरूले वा वात प्रकोपको समयमा घ्यूसँग, पित्त प्रकृति वा पित्त प्रकोपको समयमा मिश्रीसँग, कफ प्रकृति वा कफ प्रकोपको समयमा तातोपानीसँग सेवन गर्नाले विभिन्न रोगहरूबाट बचाउँछ र भएका रोगहरूलाई शान्त गर्छ ।

-३ देखि ६ ग्रामसम्मको लसुनमा समभाग सिधेनुन मिलाएर खाएमा अल्काई रोग निर्मूल गर्छ ।

- कान पाके दुखे लसुनको पोटी डढाएको तेल हाले आराम हुन्छ ।

- एक चिया चम्चा लसुनको रसलाई समभाग तातो दूध मिसाएर भोजनोत्तर खाने गरेमा वाथ रोग निको पारी नपुंसकता समेत बिस्तारै हराउँदै जान्छ ।

- लसुनको रस तताएर सुनिएको, दुखेको ठाउँमा लेप वा मासिन गर्ने गरेमा आराम हुन्छ ।

- ३-४ थोपा लसुनको रस र बराबर अदुवाको रसमा सानो हर्रो घोटेर बच्चाहरूलाई खुवाएमा ( उमेर अनुसार) ज्वरो, खोकी, अजीर्ण, अतिसार, वान्ता र पुरानो रोगहरूलाई पनि निको पार्दछ ।

- ४-५ ग्राम लसुनलाई पिधेर बराबर सिधेनुन र जिराको चूर्ण मिलाई एक ग्लास दहीमा फिटेर १२ घण्टा राखि खाने गर्नाले झाडा पखाला, अजीर्ण, अपच, ग्रहणी, मन्दाग्नि जस्ता पेटका पुराना रोगहरूमा निकै फाइदा पुऱ्याई निको पार्छ ।

- लसुन र अदुवाको रस समभाग मिलाएर तताउने र मनतातो पानी ४-५ थोपा कानमा राख्ने गरेमा कर्णशूल रोग ठिक हुन्छ ।


साथै ४-५ ग्राम लसुन तरकारीमा राखेर दैनिक खानासँग खाने गरेमा पनि माथि बताइएका रोगहरूबाट बच्न सकिन्छ । आजकाल बजारमा लसुनको योग भएका औषधिहरू जस्तै : रसोन वटी, रसोन पिण्ड आदि नामबाट पाइने गरिन्छ । यि औषधिहरू सक्कली चिनेर किनेर दैनिक भोजनोत्तर तातोपानीसँग मात्र भएपनि सेवन गर्ने गरेमा पेटका रोगहरू अघि बढ्न सक्दैनन् ।

नेपालीहरूको घर वरिपरि पाइने लसुनलाई जोसुकैले औषधिको विकल्पको रूपमा सेवन तथा प्रयोग गरेर आफूलाई तथा पारिवारका सदस्यहरूलाई लागेको रोगहरूबाट घरेलु प्रविधिले माथि बताइएअनुसार प्रयोग गरी **रोगमुक्त हुनुहोस् र डाक्टरी महंगो खर्च तथा बहुमूल्य समयको बचत गरी स्वस्थ हुनुहोस्** । जय लसुन ००

# DEITIES



Dr. YB Shrestha Malla



A: All deities are within Consciousness.

Archimedes said once "Let me stand out of this Earth for a few moments, then I will know its weight!" Likewise, if we can stand out of our normal so-called Consciousness, *we will see God standing before us!* Our present Consciousness and desires are hiding us from God! Whatever we do out of desire is therefore wrong and whatever we do as a necessity is right.

**Q: When I cannot accomplish perfectly even small things like Dharana, how can I go to Inquiry? Do please tell me how should I start my journey. Please tell me the simple ways first.**

A: Remember what Krishna said to Arjun who was in extreme state of Bewilderment in the battlefield of the Great War? Krishna had said," Start visualizing your birth-growth-decay-old age-diseases-suffering-and-death **(Janma-mrityu-jaraa-byadhi dukha darsaanu darshanam)** complex. You will then know how ignorant you are; as a result you spontaneously try to go beyond them.

**How to do this?**

By *Yagya, Daan and Tapah* **(Sacrifices, Charities and Austerities) 3 Disciplines by RL.** Try to know why have we come to this prison?

**Please explain me what are Meditation & Concentration?**

A: They are one and the same thing, varying only in degree but not in kind.

**Various methods of meditation** are prescribed: Memorizing some verses of **Prayer** from Bhagavat/ Bible. Reciting them mentally is *Satwik*; if we do this by moving our lips without producing sound, this is Rajasic; loud singing accompanied by movements of limbs etc. is *Tamasic:* they are all useful in that order, but all of them must be charged with devotion. Don't forget that our intensity of feelings for the vision of God, takes us nearer to Him; and that is the best.

**Bhagavat is a book of Prayer throughout. Use this for increasing your God-love.**

Try to live in **seclusion:** in the beginning reduce contact with friends, and later even members of your own family, viz. children, wife and so on. But we must take care of their needs and establishment in life. Otherwise you will have reactions.

Then comes **Inquiry: Who am I? What is God?** etc. This takes you to God, as said earlier, at 100 miles° speed. Add to this the **Constant Anxiety/Agitation** for Him like that of a young girl waiting in the "railway station" for her lover/boy-friend...Practice of mental equilibrium is not required here.

**Precaution:**

1) First we should meditate in gross/definite objects; then try to meditate in subtle ones. For example, students answering questions in the exam hall should try to answer easier questions first, then difficult questions later.
2) Always remember yourself as a servant of God: let your *proud "I"*, your suppositions, hypotheses and preconceptions about anything go away; but keep your *humble "I"* with you. (*Pointing to the temple of Pashupatinath*) if you cut down all the trees, the temple will be visible. In the same way, if you "cut down" all impressions of your world, presuppositions, hypotheses, theoretical knowledge of Scriptures and your ego from your mind, you will see God!
3) Real Understanding will not come from books or talks in the beginning. Later, when it comes to you, God too will start protecting you. Finally you become God Himself: then, if, by chance, you put your hands in fire, they will not be burnt—how can God be burnt?
4) God's Glories (**Bibhooti**) cannot be described in words. But Krishna had told this to his Devotee, Arjun, in the field of Great War!
5) Some Sannysis enjoy through renunciation (*Tenatyaktena Bhunjithaa*), *ie. by first submitting*

*everything* to God and accepting the rest as His Prasaad: this too is enjoyment in a way. So it becomes a hindrance for experiencing the Highest.

6) Towards the end, when your mediation becomes mature and silent, your Mind burns most intensely like Nachiketa's fire.

7) Then resort to Inquiry: **Who created all this. How? Why? Where is He? What is the Source of all these things, of thoughts and so on?**

Let me give you one simple technique: suppose you have lost your matchbox: you are searching for it—"Where have I put my matchbox?" etc. When you concentrate on this question exclusively, you will forget everything. All other impressions will go. Then you will come to know where you have kept it! Likewise if you keep inquiring exclusive of everything, **"Where is God? Who is He?"** and so on, all the time seeking Him that" **I want God and nothing short of it", you will find it out!** But the secret is not to expect immediate result!

**SB:** If you continue living **RL,** *there will be natural remembrance of God, like breathing, not even anxiety there will be, because He has not come...* Actually sorrow of separation from God is not really sorrow...There should be constant desire for Him. Slowly and steadily, you will forget even this; but you will remember Him always—that is all! *Constant remembrance of God — with full consciousness of Him*—this is the most wanted thing. This is **Chetan Samadhi.**

The reason why we do not see God is because we do not want Him first; we put Him at the bottom of our list! We are immediately attracted with little things only!

**Q: Wherefrom this Desire comes? Whence this Consciousness comes?**

A: Yes, Inquire: wherefrom the desire comes — then you will go beyond Consciousness.

**Q: What about Sex-desire?**

A: Control other senses: then your sex-desire too will be controlled automatically.

Whatever helps your concentration for Inquiry (**Who Am I? What is God? What is that unknown?** etc.) Is right, (Accept them), rest is wrong. Remember: whatever you do out of necessity is right. And whatever you do out of desire is wrong.

**Q: I am afraid of Death! How to face it?**

A: Life and Death are not in your hands. He will make you live, if you want to die. If you want to live, God may make you die! What to do! Your will does not prevail; only God's will prevails! Therefore you can do nothing but submit to His will and try to die with His Name and smile your lips!

**To summarise:**

1) With the best income and home, etc. this world is unsatisfactory till the Truth is seen. 'Yes! Duties & God only are to be taken care of."

2) All worldly desire, liking and disliking should go; only desire for God there should be.

3) We have come to this place away from our "**original home**". At present we are living in a rented house; we must go back to our original home. We had committed many mistakes and our Prarabdha or Commitments are huge! We must try to finish them as soon as possible and get out from this world, this rented house! Meanwhile, if Death comes to us, let it come: it is only a change of body & places, you know; so, why fear? ◆◆

SB = Shivapuri Baba RL = Right Life

विजया दशमी, शुभदीपावली तथा छठपर्व २०७४ को शुभउपलक्ष्यमा
देश–विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मङ्गलमय शुभकामना ॥

NB INSURANCE

एन. बी. इन्सुरेन्स कम्पनी लि.
NB INSURANCE COMPANY LTD.

TOGETHER WE WILL RISE AGAIN

नारायणचौर, नक्साल, काठमाडौं । फोन : ०१–४४११५१०

# एन.बी. इन्सुरेन्स अब चाँडै आईएमई जनरल इन्सुरेन्स बन्दै





एन.बी. इन्सुरेन्स कम्पनी लिमिटेडको २०औं बार्षिक साधारण सभा हालै काठमाडौंमा सम्पन्न भयो । साधारण सभामा संचालक समितिका अध्यक्ष हेमराज ढकालले कम्पनीले देशभर प्रधान कार्यालय सहित २२ वटा शाखा कार्यालय, २ वटा सम्पर्क कार्यालय र ८ वटा सेवा काउण्टर गरी कूल ३२ स्थानबाट बीमा सेवा प्रदान गरिरहेकोमा चालु आ.ब.मा थप १९ स्थानमा शाखा तथा सम्पर्क कार्यालय विस्तार गरी ७ वटै प्रदेशका विभिन्न स्थानबाट शाखा, सम्पर्क कार्यालय तथा सेवा काउण्टर गरी ५१ स्थानबाट ग्राहक महानुभावहरूलाई बीमा सेवा प्रदान गर्ने जानकारी गराउनुभयो । आ.व. २०७३।०७४ को बार्षिक साधारण सभा सबैभन्दा सम्पन्न गर्ने पहिलो कम्पनी भएकोमा खुशी व्यक्त गर्दै ग्राहकमहानुभाव, शेयरधनी महानुभाव, संचालकहरू, पूर्व संचालक, संस्थापक शेयरधनीहरू, नियमनकारी निकाय, व्यवस्थापन समूह लगायत सम्पूर्ण कर्मचारीहरूप्रति आभार व्यक्त गर्दै धन्यवाद दिनुभयो ।

कार्यक्रममा गत आ.व.को साधारण सभाबाट पारित भए बमोजिम १:१ को अनुपातमा हकप्रद शेयर निस्काशन गरी कम्पनीको चुक्ता पूंजी रू. ५४ करोड पुऱ्याएको र यस साधारण सभाबाट १०:८ (दश शेयर बराबर आठ शेयर) अनुपातको हकप्रद शेयर पारित भए वमोजिम कम्पनीको चुक्ता पूंजी रू. ९७ करोड २० लाख पुग्ने व्यहोरा समेत जानकारी गराउनु भयो । नेपाली बीमा बजारमा आफ्नो छुट्टै पहिचान स्थापित गर्ने हेतुले कम्पनीले अल्पकालीन र दिर्घकालीन रणनीति बनाउंदै कम्पनीलाई आगामी पाँच वर्षभित्र एक उत्कृष्ठ कम्पनीको रूपमा स्थापित गर्ने र शेयरधनीहरूलाई उचित मुनाफा दिने लक्ष्यका साथ कम्पनी अगाडि बढिरहेको समेत सभालाई जानकारी गराउनु भयो । राष्ट्रिय महत्वको बिषय रहेको लघु बीमा, कृषि तथा पशु बीमालाई अगाडी बढाउने क्रममा जनकपुर, बर्दिवास, ओखलढुङ्गा र सोलुखुम्बुको सल्लेरी स्थित शाखा कार्यालयहरूबाट सेवा प्रदान गरिरहेको र देशको कुना कुनासम्म बीमा पहुँच विस्तार गर्दै लाने रणनीति रहेको बारेमा पनि शेयरधनी महानुभावहरूलाई जानकारी गराउनु भयो ।

यस कम्पनीको नाम र लोगो परिवर्तन सम्बन्धि प्रस्तावलाई सभाले कर्तलध्वनीका साथ स्वीकृत गरे बमोजिम कम्पनीको नाम आईएमई जनरल इन्स्योरेन्स लिमिटेड राख्न र सो सम्बन्धमा सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गरेकोमा शेयरधनी महानुभावहरूलाई धन्यवाद दिंदै स्वीकृतीको लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्ने व्यहोरा जानकारी गराउनु भयो । साथै यस कार्यक्रममा अध्यक्षले कम्पनीले चालु आ.ब.को आश्विन ७ गतेसम्ममा करिब रू.१४ करोड प्रिमियम संकलन गरी लगानीमा रू.७३ करोड ६७ लाख पुऱ्याउन सक्षम भएको पनि जानकारी दिनुभयो । अध्यक्ष ढकालले कम्पनीको २०औं बार्षिक साधारण सभामा भाग लिई अमूल्य सुझावहरू दिनुहुने हाम्रा आदरणीय शेयरधनी महानुभावहरूको आत्मीयता, न्यानो माया र विश्वासप्रति आभार प्रकट गर्दै नेपाल सरकारका विभिन्न निकाय, बीमा समिति लगायत नियमक निकायहरूप्रति धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रममा सीईओ लगायत *सहायक महाप्रबन्धक* **शरण रेग्मी** पनि उपस्थित हुनुहुन्थ्यो । ◆◆

ज्यो. पं. रमेश अधिकारी



# वाह-वाह नेपाल !

जस्तो गुरु उस्तै चेला भनेझैँ आजको लोकतान्त्रिक गणतन्त्रको शासन व्यवस्थाले देखाएको दृश्य र परिदृश्य अचम्मको छ । के गर्ने ? मतदाता हामीहरू नै हौँ । हाम्रै भोटले नेताहरू प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, मेयर, उपमेयर, वडाध्यक्ष आदि पदमा आसिन छन् ।

हाम्रै रगत-पसिनाले गरेका पारिश्रमिकबाट पाइलैपिच्छे कर-जरिवानाको बहानामा अर्बौं - खर्बौं रकम असुली गरिरहेछन् । हामी निरीह भएर खुरू खुरू बालुवामा पानी हालेझैँ रकम इमान्दारीपूर्वक बुझाइरहेछौँ । त्यसको परिणामस्वरूप धुलाम्मे र हिलाम्मे बाटाघाटामा शानपूर्वक हिँडडुल गर्न पाएका छौँ - धन्न सरकार ! अझै राजस्व तिर्न कथंकदाचित २।४ दिन ढिलासुस्ती भएमा - जरिवाना तिराउँछन् र आफ्नो कोष पोटिलो बनाउँछन्- वाह ! क्या मज्या ! खाऊन् हर्केको बाउको श्राद्ध खाएझैँ । के छ र ? कसले के लछार्छ ? के नाप्छ ? बरू जेलनेल, जरिबाना तिर्नु परे पनि उही नाथे मतदाता नै त हुन् नि ! उनीहरूलाई त कस्ले छुने ? बरू उहाँहरू त आफ्नो सुखसुविधा अपुग भएमा आफ्नै विधेयक पास गरी आफ्नो भत्ता बढाउन माहिर छन्, सक्षम छन् ।

छुसी जनताहरूको के अधिकार ! खाली भोट खसाल्ने त हो नि ! त्यो पनि दिनभर भोकप्यास खपेर लाइनमा, खडेबाबा भएर । घामपानीको टोकाइ र ठोकाइ सहेर ।

यसको फलस्वरूप हेरौं- मुलुकको दैनिक लाखौं जनता जनार्दन र सवारी साधन हुईंकिने सडकहरू (भित्री बाहिरी दुवै) कुनै पनि सरकारी निकायहरू यसरी मस्त तर मारिरहेछन् । यस्तै दुर्गति र असह्य बाटो हुँदा पनि अहँ, केही पत्तो नपाएझैँ वर्षौं वर्ष बितिसकेको छ । के यस्ता सार्वजनिक स्थल, बाटाघाटाहरू यस्तरी लथालिङ्ग भइसक्दा पनि- किंचित न चलमलाउनु त मरेका मुर्दा समान भएन र - यस्तो विषय त जानकारी गराउनुपर्ने पनि हैन-यो त घामझैँ छर्लङ्ग छ ।

महामहिम नेताज्यूहरूलाई मतदाताहरूप्रति कुनै जवाफदेहिता र लाज, शर्म वा डर पटक्कै देखिँदैन । बरू जुकाले चुसेझैँ चुसेको रकमबाट खरिद गरेको श्यामसिसे बुलेटप्रुफ कारमा अगाडि पछाडि सशस्त्र सुरक्षा गार्ड राखेर बेपत्ता सुईकिन्छन् वाह क्या आनन्द ! क्या मस्ती ! अझै देशविदेश भ्रमणमा जानु परे त, हेलिकोप्टर वा जेट विमान नै हाजिर छन् । लागोस् न खर्च नाथे जति नै, बरू ५ लाख लाग्ने भए १० लाख खर्च गरे पनि केही नाप्ने हैन । अँ, यौटा सपना देखाइरहेछन्- मतदाताहरूमा- त्यो के भने सिंहदरबारको अधिकार स्थानीय तहमा जाने भनेर- त्यो अधिकार कस्ले पाउँछ र के गर्छ ? उही उनैका चेलाचपेटा र आफ्नाले पाउने हुन् । जैरे मतदाता त फुस्साका फुस्सा । कागजमा लेख्दै र मुखले भन्दैमा केही झर्ने हैन- मात्र सुत्केरीको नाम गरी टाउको मैले खाएँ भन्ने मात्र हो ।

कतिपय शीर्षकका बजेटहरू यथासमय र स्थानमा खर्च गर्न नसकेर त्यसै फ्रिज भएका खबरहरू सञ्चारमाध्यममा बराबर सुन्न र पढ्नमा आइरहेछन् । के यी लज्जास्पद विषय हैन ? भएर पनि प्रयोग हुन नसक्नु ! अब यस्ता नालायक कर्मचारी र सरकारबाट देश र देशबासीले के भरोसा गर्ने ? के आश गर्ने ? यिनीहरूलाई किन राष्ट्रले ससम्मान पालिरहेछ ? यसको दोषी को हुने ? मतदाता या सरकार ! निष्पक्ष निर्णय हुन जरूरी छ ।

यही हो राष्ट्रको प्रगति ! यही हो उन्नति ? यही हो विकास ? यही हो नयाँ नेपाल ? कि जति थोत्रो भयो, त्यसैलाई नयाँ भन्नुपर्ने हो हि ? आजकलको फेसनमा घुँडो प्वाल पारेको पाइन्ट पहिरेझैँ ।

बाटो पनि यस्तो कुरूप भइसक्यो कि- के भन्ने ? के लेख्ने- आफ्नै आङ कन्याएर छारो उडाउनुझैँ लागिरहेछ । केही त कुनै राम्रो लेखुँ भन्यो, अहँ भेटिँदैन केही पनि । जता जाऊँ बुहारी कर्कलाको घाँटी- कहीँ कछुवाको ढाडजस्ता उठेका बाटा छन् त कहीँ इनारझैँ खाडल भेटिन्छन्- जहाँ अबोध बालिकाहरूको इहलीला नै समाप्त हुन्छ त कहीँ सुत्केरीका सवारी नै गर्लम्म हुन्छ । फेरि कतै करोडौं खर्चेर तयार भएको पिचबाटो काँक्रो चिरेझैँ चरर चिरिएर फालिएको छ, र अलपत्र छाडिएको छ । यो के गरेको ? कसलाई दुर्गति देखाएको ? के यो आफ्नै अपमान हैन ? यही हो अग्रगामी नेपाल ? आफ्नो गुप्ताङ्ग देखाई अरूलाई लज्जित बनाउन सकिन्छ र ? अहँ कसैलाई टाउको दुखेको छैन, जस्तै छ, यस्तो हविगत हुँदासम्म । के आश्चर्य अनावश्यक मन्त्रीमण्डलको संख्या वृद्धि गरिएको छ । यत्रतत्र सर्वत्र बाटोबाटो हिँडिसक्नु छैन ।

आजमात्र मेरा एक मित्रले जानकारी गराए कि- मैले हाल चलिरहेको चतुर्मासमा चार नारायणको दर्शन गर्ने प्रसङ्ग निकालेथैं, उहाँले भन्नुभयो - गुरू, यो कुरा नगर्नोस्, अन्त त जानु होला तर शेषनारायण पुग्न भने मुस्किलै होला किनभने त्यहाँको बाटो त पिङ खेले झैँ पो छ अरे ! अनि म त झसङ्ग भएँ । उसो भए हाललाई शेषनारायण प्रभुलाई ठाउँबाट प्रणाम भनेर चुप लागेँ ।

अब हेरौँ- विचार गरौँ के यस्तो बाँदरनीति पनि राजनीति हुन्छ ? कस्ले भत्कायो त्यति सुन्दर पिच सडक ? कस्ले खाल्डो बनायो ? पिच मात्रै हैन, फुटपाथ पनि हेरी नसक्नु छ । भएभरका सिमेन्टका ब्लकहरू उखालिएका छन् । कहीँ खोल्सो बनेका छन्, त कहीँ भ्वाङ पारिएका छन् । यस्ता प्रकारले- अहँ कतै जाऊँ न त भन्ने सोच आए पनि बाटाको दुरावस्थाले घरमै थच्चिन बाध्य बनाउँछ ।

के यो राज्यको दायित्वभित्र पर्दैन ? के यस्तै बाटामा हिँड्नका लागि चुनाव गरिएको हो ? गरिब राष्ट्रको अर्बौं खर्बौं ढुकुटी सखाप पारेर ।

अब भन्नोस् ! यस्ता कुकृत्य गर्ने निकाय, हाकिम-कामदार, जो जति यस्ता कार्यमा संलग्न थिए, के ती अपराधी हैनन् ? तिनलाई दण्डित गर्नु पर्दैन । जो भत्काउँछन् मात्र तर बनाउँदैनन् वा भनौं एउटाले भत्काउँछ, अर्कोले बनाउँछ भने पनि बनाउनेले समयभित्र किन बनाएन ? के यस्ता कुकृत्य गर्नेलाई कुनै दण्ड सजाय छैन ? यो व्यक्तिगत समस्या हैन, यो राष्ट्रिय सवाल हो, यस्ता कर्मले समग्र राष्ट्रकै हुर्मत लिइरहेछ, त्यो पनि विशेषतः सम्बन्धित दायित्ववाला निकायको त यसका लागि जति नै प्रायश्चित गरे पनि दोष मेटिनेवाला छैन । आजको यो अवस्था हेर्दा मलाई अंग्रेजीको एक उखान याद आउँछ- 'मर्निङ सोज दि डेज', तात्पर्य सुरुवात राम्रो भए अन्त राम्रो हुन्छ- हैन भने खै रने तेरो मुद्दामा दम छैन भनेझैँ लागिरहेछ ।


अहँ, वर्तमानमा रहेका कुनै पनि सरकार र सरकार प्रमुखलाई यो राष्ट्र र राष्ट्रवासीहरूप्रति किंचित स्नेह, सद्भाव, प्रेम र राष्ट्रवाद छ भन्न मुस्किल पर्छ । छ त केवल भगवान् रामले हनुमानलाई लंका पठाएर सम्पूर्ण लंका भताभुङ्ग पार्न लगाएझैँ - आज हाम्री मातृभूमि नेपाल पनि लथालिङ्ग, तहसनहस र कुरूप पारिएकी छिन् । जस्का लागि पुनः विभिषणजस्ता राष्ट्रभक्त, ईश्वरभक्त र रामचन्द्रजस्ता इमान्दार एवं पराक्रमी, शूरवीर र दुष्ट दमन गर्ने शक्ति भएका पुरुषार्थी देशभक्तको सख्त जरूरी भएको छ ।

तसर्थ यो मार्मिक र अत्यावश्यक कार्यका लागि समस्त शुभचिन्तक नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा एकजुट र एक ढिक्का भई बेइमान, भ्रष्ट र झुटका ठेकेदारहरूलाई जरैदेखि उन्मुलन गर्न हार्दिक अनुरोध र बिन्ती गर्दछु । जय देश, जय राष्ट्र, जय मातृभूमि नेपाल । ◆◆

# आफू पनि नमर्नेमा कोही पाठक पर्नुभयो भने मेरो महाकाव्यको एउटा प्रमुख उद्देश्य पूर्ण भयो

ग्रन्थ आफैं एउटा भूमिका हो । सर्जक पनि एक भूमिका नै हुन् । अनि पाठकहरू त झन् महान् भूमिका । धेरै भूमिका लेखियो- आफ्नै ग्रन्थको अनि अरूहरूको ग्रन्थको पनि ।



प्रस्तुत महाकाव्यको मूल पात्र 'म' नै हो, हुन्, हुनुहुन्छ । यहाँ कथा-सथा, आख्यान-साख्यान केही छैन । यहाँ वेदान्त सिद्धान्त छ, वेदान्त दर्शन छ । उपनिषद्हरूको सार यहाँ पाइन्छ अनि गीताको पनि ।

'नमर्ने म' लाई चिन्नुहुने छ यहाँ । नमर्ने मेरो परिचय गराउनु नै महाकाव्यले खोजेको गन्तव्य हो । नमर्ने 'म' लाई चिनेर आफू पनि नमर्नेमा कोही पाठक पर्नुभयो भने मेरो महाकाव्यको एउटा प्रमुख उद्देश्य पूर्ण भयो ।

मैले जीवनभर कमाएको सम्पत्ति नै नमर्नका लागि हो । यो अध्यात्म साधनाको, वेदान्तचिन्तनको, उपनिषद्हरूको अनुशीलनको, स्वाध्याय र सत्यसङ्गको अनि आत्ममनको परिणाम हो । यहाँ अनुवाद होइन, अनुभव बोलेको छ । अनुभव खोज्ने पाठकहरूले यस महाकाव्य-सागरमा आनन्दसँग गोता मार्न, पौडन, रमाउन सक्नुहुनेछ । चिन्तनका आधारहरू, सत्यसङ्गका सामग्रीहरू, वेदान्त र गीताका अनि उपनिषद्ले प्रतिपादन गर्न खोजेका गहिरा प्रसङ्गहरू यहाँ फेला पर्नेछन् र पाठकहरू नमर्ने 'म' लाई भेट्टाएर रमाउन पाउनेछन् ।

मर्ने 'म' हरू त संसारमा यत्र-तत्र- सर्वत्र पाइन्छन् । तर नमर्ने 'म' को खोजीमा हुनुहुन्छ भने आउनुहोस् यस महाकाव्यका श्रद्धा र प्रेमपूर्वक प्रवेश गर्नुहोस् । तपसिलका कुरालाई पन्छाएर चुरो कुरो समाउनुभयो भने र आफूलाई नमर्ने 'म' मा परिणत गरी त्यसैमा स्थापित हुनुभयो भने मैले खोजेको मित तपाईं हुनुहुनेछ । भूमिका भने पनि प्रस्तुत महाकाव्यको उद्देश्य भने पनि, यसभित्रको विषयवस्तु भने पनि यही नै हो ।

कुरा दोहोरिएको जस्तो लाग्ला । यस्ता काव्यमा यस्तै हुन्छ । यहाँ कथा नभएकाले, पात्रहरू नभएकाले, विभिन्न घटना र तिनको वर्णन नभएकाले यो योजस्तै, यस्तै बनेको छ । अब यस महाकाव्यलाई तपाईं जसरी हेर्नुहुन्छ, पढ्नुहुन्छ, बुझ्नुहुन्छ, त्यो त्यस्तै हो । तपाईं पाठक पनि स्वतन्त्र अनि सर्जक, कवि, काव्यकार, महाकाव्यकार पनि स्वतन्त्र । स्वतन्त्रतामा त एकाकार भइहाल्छ नि । बाँकी परमात्माको इच्छा !

यस महाकाव्यमा केही-केही अंश विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका छन् । ती पत्रिकालाई यथोचित धन्यवाद !

पुस्तक प्रकाशनार्थ अर्याल परिवार एवं काफ्ले परिवारका दानदाता/दानदातृहरूको उदारताका लागि धेरै-धेरै शुभ-आशीर्वादसहित धन्यवाद ! उहाँहरूको जय होस् ! कल्याण होस् ! प्रकाशक स्वाध्याय परिवारलाई साधुवाद !

*देहाध्यासी सदा भन्छन्- 'म मर्ने, म त जन्मने ।'*
*ब्रह्माभ्यासी बुझी भन्छन्- 'नमर्ने म, नजन्मने ।।'*

*'सच्चिदानन्द हुँ' भन्दै, राम-आराम गर्नुहोस् ।*
*नमर्नेतिर नै पर्ने, आत्म-फाराम भर्नुहोस् ।।*
*'नमर्ने म' चिनेमात्र, 'राम्रो म' भन्न मिल्दछ ।*
*नत्र ता बारूलो-विश्व, बाँचुन्जेल त चिल्दछ ।।*
*नमर्न आएँ, नमरेर जान्छु*
*लिएर आएँ म, दिएर जान्छु ।*
*सम्भार यो भार बनी तयार*
*जार्गैं म आफू र पुर्गैं नि पार ।।* शिवमस्तु ।। ◆◆

*(प्रा. रिसालको हालै प्रकाशित कृति 'नमर्ने म' को भूमिकाबाट)*

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
**सामाजिक सुरक्षा कोष**
बबरमहल, काठमाडौं
(फोन नं. ४२५६१४४, web: www.ssf.gov.np, email: info@ssf.gov.np)

**रकम तथा विवरण दाखिला सम्बन्धी अत्यन्त जरूरी सूचना**

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका कर्मचारी/श्रमिकहरूले प्राप्त गर्ने पारिश्रमिकबाट १ प्रतिशतका दरले करकट्टी हुँदै आएको छ । यो कर मासिक कर कट्टी गरी राजस्व शीर्षक नं. १-१-२-१-१ मा दाखिला गर्न गराउन र कोषको वेब ठेगाना www.ssf.gov.np मा उपलब्ध लगत सङ्कलन फाराम अनुसारको विवरण सामाजिक सुरक्षा कोष, बबरमहल, काठमाडौंमा आइपुग्ने गरी वा इमेल ठेगाना info@ssf.gov.np मार्फत पठाउनु हुन सरकारी, गैरसरकारी तथा निजी निकाय वा प्रतिष्ठान सबैलाई अनुरोध छ । सामाजिक सुरक्षा कर कट्टी नगर्ने वा गरेर पनि विवरण नपठाउनेलाई सामाजिक सुरक्षा योजनामा सहभागि गराउन कठिनाई पर्ने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।
**अडियो सूचनाका लागी नोटिस बोर्ड नं. १६१८०१४२५६३१५**

# जीवन जगतमा निर्वाह गर्नु पर्ने आदर्श भूमिकाको आरोपण गरिएको छ



गणेशप्रसाद घिमिरे

**प्रशासनमा तपाईँ उच्च पदमा पुगेर फर्कनुभयो, साहित्यमा पनि तपाईँ प्रवेश गर्नासाथ लहरै पुरस्कृत हुन थाल्नुभयो, यी दुईमा कुनमा बढी मजा पाउनुभयो ?**

– प्रशासनमा उच्च पद हासिल गर्न नपाउँदै निवृत्त भइयो तथापि उच्च पदको काम, कर्तव्य र अधिकारका बारेमा थोरबहुत जानकार भने नभएको होइन । जहाँसम्म साहित्यमा प्रवेशको सवाल छ, म मेरो हाईस्कूल जीवनबाटै साहित्यलेखनमा सरिक हुँदै आएको हुँ । चालिसको दशकदेखि पत्रपत्रिकामा साहित्यिक रचनाका साथ सार्वजनिक हुन थालेको मैले प्रशासनिक सेवामा वहाल रहँदारहँदै पनि मेरा प्रशस्त फूटकर रचनाहरू प्रकाशित भइ सकेका छन् । एउटा कथा सङ्ग्रह र एउटा खण्डकाव्यको प्रकाशन अनि करीव तीसवटाजति गीतहरूको रेकर्ड मेरो जागीरे जीवनमा नै भइसकेका हुन् । विभिन्न पुरस्कार, सम्मान र प्रशंसापत्रहरू सोही अवधिमा पनि प्राप्त गरिसकेको छु । यद्यपि 'जियालो' महाकाव्यमा एउटा सर्ग रचनाको जिम्मेवारी र सोही जिम्मेवारीको निर्वाहपछि त्यसैको डोर बाटोबाट 'वसन्त काव्य पुरस्कार' तथा विभिन्न सम्मानहरू भने मेरो प्रशासनिक सेवा निवृत्तिको लगत्तै प्राप्त भएका हुन् । यो मेरालागि सुखद पक्ष हो ।

जहाँसम्म प्रशासनिक जिम्मेवारी र साहित्यिक पुरस्कार तथा सम्मानमा कुन बढी मजा ? भन्ने सवाल छ, प्रशासनिक जिम्मेवारी निर्वाहका क्रममा आउने मजा र साहित्यिक पुरस्कार तथा सम्मान प्राप्त गर्दाको मजाको स्वादै फरक छ । तुलनात्मक रूपमै भन्नु पर्दा स्थायित्व र प्राप्तीका हिसाबले पछिल्लो प्राप्ती नै सुखद भन्न सकिन्छ ।

**नेपालको कर्मचारीतन्त्र सबभन्दा डरलाग्दो भन्छन्, तपाईँको सच्चा अनुभव के छ ?**

– कुन अर्थमा डरलाग्दो भन्न खोज्नुभएको हो मैले यकिन गर्न सकिन । छिमेकी राष्ट्र भारतको कर्मचारीतन्त्रलाई हेर्ने हो भने पनि हाम्रो कर्मचारीतन्त्र निरीह महशुस हुन्छ । भारतको कर्मचारीतन्त्रले राजनीति र राष्ट्र हाँकेको छ भने हाम्रो कर्मचारीतन्त्र राजनीतिबाट नियन्त्रित छ । अनि यसलाई कसरी डरलाग्दो भन्ने ?

यदि तपाईंले जनता (सेवाग्राही) प्रतिको उत्तरदायित्वसँग जोडेर भन्न खोज्नुभएको हो भने त्यसमा आंशिक सत्यता छ भन्न लजाइरहनु पर्दैन । तर यसको कारक पनि राजनीतिज्ञहरू नै हुन् जसले कर्मचारीतन्त्रलाई आफ्नो राजनीतिक स्वार्थसिद्धिको माध्यम बनाएका छन् ।

होइन, यदि भ्रष्टाचारसँग कर्मचारीतन्त्रलाई जोड्न खोज्नुभएको हो भने पनि यसमा कर्मचारी मात्र दोषका भागीदार छैनन् । गोडामा खन्याएको पानीले पूरा शरीर भिज्दैन, टाउकाबाट नै खन्याउनु पर्छ । राजनीतिबाट नियन्त्रित प्रशासनयन्त्र स्वच्छ, पारदर्शी र जिम्मेवार हुन राजनीतिक नेतृत्व नै स्वच्छ, पारदर्शी र जिम्मेवार हुनु आवश्यक छ । सुधार माथिबाटै हुनु पर्छ । राजनीतिक नेतृत्व र प्रणाली नै खराब भयो भने त्यसको प्रतिच्छायाँ कर्मचारीतन्त्रमा पर्नु अनौठो हुँदैन । जबसम्म असलका लागि पुरस्कार र खराबका लागि दण्डको प्रभावकारी व्यवस्था हुँदैन तबसम्म सिङ्गो प्रशासनिक प्रणालीमा सुधारको अपेक्षा निरर्थक बन्छ । कर्मचारीतन्त्रमा देखिएको उदासिनता र चाकडीमुखी प्रवृत्तिको प्रमुख कारक पनि राजनीतिक नेतृत्व नै हो । तथापि सबै कर्मचारी त्यस किसिमको विकृति र विसङ्गतिका निम्ति जिम्मेवार छन् भन्ने आम जनमानसमा रहेको सोच पनि गलत छ ।

**तपाईं श्रम मन्त्रालयबाट निवृत्त हुनुभयो । प्रजातन्त्र (२००७) देखि अहिलेसम्मका श्रम सचिव सर्वथा योग्य को थियो ?**

– मेरो जागीरको अधिकांश समय गृह मन्त्रालयमा व्यतित भयो । सेवानिवृतिभन्दा तीन वर्षअघि मात्र म श्रम मन्त्रालयमा आएको हुँ । तसर्थ २००७ सालदेखिका सबै श्रम सचिवहरूको बारेमा म अनभिज्ञ छु । तुलनात्मक रूपमा भन्नु पर्दा मैले सहकार्य गरेका श्रम सचिवहरूमध्ये सुरेशमान श्रेष्ठ र लक्ष्मण मैनालीबाट म अधिक प्रभावित छु ।

**दीर्घ अनुभवमा कतिजना मन्त्रीहरू परे ? कसकसमा मतैक्य भयो र जागीर खानु धिक्कार भन्ने मानसिकता कहिले भयो ?**

– मैले आफ्नो जागीर अवधिमा धेरैवटा मन्त्रालयमा सेवारत रहन पुगेँ । मन्त्रीहरूसँग मतैक्य र मतान्तर हुने भनेको सचिवसँग हो । आफू सचिव अन्तर्गतको कर्मचारी भएकाले मन्त्रीहरूसँग प्रत्यक्ष रूपमा गाँसिने कुरै भएन । आफूले परोक्ष रूपमा अनुभूति गरे अनुसार भीम रावलको कार्यशैली र कार्यकुशलताबाट म अधिक प्रभावित छु । विवेकपूर्वक आफ्नो कार्य गर्न नपाई माथिल्लो पदबाट जबरजस्ती कानुन विपरित काम गर्न दवाब आएका बखत जागीरसँग दिक्दारी उत्पन्न हुनु अस्वाभाविक होइन ।

**अध्यात्म दर्शन र वेदान्त दर्शनमा कुन महत्वपूर्ण मान्नुहुन्छ र तपाईँ कतातिर हुनुहुन्छ ?**

– अध्यात्म दर्शन आत्मा र परमात्माको सम्बन्धका बारेमा गरिने चिन्तन हो भने वेदान्त दर्शन वेदमा वर्णित लौकिक तथा पारलौकिक सिद्धान्तहरूको विवेचना र प्रतिपादन गर्ने दर्शन हो । झट्ट हेर्दा यी दुईमा समानता देखिए पनि अध्यात्म दर्शनले धार्मिक चिन्तन र वेदान्त दर्शनले अध्यात्मका अतिरिक्त जीवन र जगतको समेत चिन्तन गर्ने हुँदा यसको दायरा फराकिलो महशुस हुन्छ ।

**अब पुरस्कार र सम्मान कतिवटाजति प्राप्त हुने आशा छ ?**

– माफ गर्नुहोला, यस प्रश्नको प्रकृतिसँग नै म सहमत हुन सकिँन । किनभने पुरस्कारका लागि सिर्जना होइन सिर्जनाका लागि पुरस्कार भन्ने कुरामा म विश्वास राख्छु । पुरस्कार र सम्मानकै ध्येयले गरिने सिर्जनामा हार्दिकता हुँदैन । हार्दिकतारहित सिर्जनामा स्थायित्व र प्रभावकारिता हुँदैन । त्यसरी गरिने सिर्जनामा स्वार्थ विद्यमान रहन्छ । स्वार्थले सिर्जनालाई हलुको बनाउँछ । यद्यपि सर्जकमा उत्प्रेरणा मात्र दिलाउँदैन जिम्मेवारीवोध पनि गराउँछ । तसर्थ पुरस्कार र सम्मान भनेका अपूर्व प्राप्ती हुन् । पुरस्कार र सम्मान कर्मद्वारा निर्धारित हुने कुरा हुन् । यी कुरा न त मागेर पाइन्छ न त किनेर नै । त्यसैले कति पाउने भन्ने कुरा कर्ममा अर्थात् सिर्जनाको गुणात्मकतामा निर्भर रहने कुरा हुन् ।

**जीवन र जगतलाई पक्रिएर जियालोको वर्णन गरिदिनुहुन्छ कि ?**

– हुन त साहित्यलाई परिकल्पना मात्र हो भनेको पनि पाइन्छ तर म भन्छु- साहित्य केवल परिकल्पना मात्र नभएर सांसारिक यथार्थको धरातलमा उभिएर गरिने जीवन र जगतको यथार्थता र भविश्यको सुन्दर परिकल्पनाको कलात्मक अभिव्यक्ति हो । साहित्यमा जीवन फुल्नु पर्छ र जगत खुल्नु पर्छ ।

प्रसङ्ग हो 'जियालो' महाकाव्यको । 'जियालो'

महाकाव्य संयुक्त काव्यलेखनको पहिलो ऐतिहासिक दस्तावेजका रूपमा उपस्थित महाकाव्य हो । यसभित्र उद्घाटित जीवन र जगतको दृष्टिकोणका बारेमा सङ्क्षिप्त रूपमा चर्चा गर्नु पर्दा यसरी भन्न सकिन्छ–

'जियालो' भित्र गर्भपूर्वको शून्य (चैतन्य) देखि मृत्युवोधसम्मका एघार चरणको जीवनचक्र चित्रित गरिएको छ । चैतन्य आत्मा जो नित्य छ । विवर्त जीवात्माको उत्पत्ति जो अनित्य छ । यी दुईको संयोग अर्थात् चैतन्य आत्मा र शरीरको संयुक्त रूप नै जीवन हो । यसलाई यसरी पनि भन्न सकिन्छ– चैतन्य आत्मायुक्त शरीरको भौतिक रूप जीवन हो । जीवनमा पनि प्रवृत्ति र निवृत्ति स्वभाव भएको कालशक्तिले यसलाई निर्देशन र संचालन गरिरहेको हुन्छ । यस महाकाव्यमा प्रमुख पात्र रहेका विभाष र विभूषाको जीवनचक्रको माध्यमबाट पञ्चभौतिक मानव शरीरको चक्र र त्यसकै माध्यमबाट जीवन जगतमा निर्वाह गर्नु पर्ने आदर्श भूमिकाको आरोपण गरिएको छ ।

**काव्य र साहित्यिक पत्रिका कुनचाहिँ मिठो लाग्यो ?**

– काव्य र साहित्यिक पत्रिकाको आ-आफ्नै स्वाद हुन्छ । रसवरी र जेरीलाई मिश्रण गरेर खाँदा पनि स्वाद गुलियै हुन्छ तर ती दुईको छुट्टाछुट्टै स्वाद थाहा पाउन छुट्टाछुट्टै खानु आवश्यक छ । यसैगरी काव्य र साहित्यिक पत्रिकाको स्वाद पनि अलग अलग हुन्छ । काव्यको स्वाद मधुर र गाढा हुन्छ तर एकैनासको हुन्छ तर साहित्यिक पत्रिका भनेको विविध स्वादका परिकारहरूको संयुक्त भान्साजस्तै हो ।

**तपाईँको जीवनमा यशोजीवन प्राप्त हुँदा कसप्रति कृतज्ञ रहनुहुन्छ ?**

– मलाई यशोजीवन प्राप्त हुँदा यसको श्रेय सर्वप्रथम त माता-पितामा नै जान्छ । त्यसपछि शिक्षा प्रदान गर्ने गुरूवर्गमा अनि मलाई साहित्य सिर्जनामा प्रेरणा दिने मेरा परिवारका सदस्य, आफन्त, मित्र तथा शुभचिन्तकहरूमा ।

**अन्त्यमा दिइने आशिष र कृतज्ञतामा कुन ठूलो मान्नुहुन्छ ?**

– आशिषको मनोवैज्ञानिक महत्व छ । यसले मानिसलाई सत्प्रेरणा र आत्मविश्वास प्रदान गर्दछ । यो हार्दिकताबाट उत्पन्न माया र सत्भावको उपज हो प्राप्तिका लागि सहायक बन्न सक्छ । तर, कृतज्ञता स्वार्थबाट निर्देशित हुन पनि सक्छ जो आशिष भैँ स्थायी र हार्दिक नहुन पनि सक्छ । यो प्राप्तिपछि उत्पन्न हुने कुरा हो । यसर्थ तुलनात्मक रूपमा आशिष नै महत्वपूर्ण हुन सक्छ । ◆◆


विजया दशमी, शुभदीपावली तथा छठपर्व २०७४ को
सुखद् उपलक्ष्यमा हाम्रा सेयर सदस्य, ग्राहकवर्ग, शुभचिन्तक एवं समस्त
नेपालीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।
हेम लामा
कार्यकारी प्रमुख

योगदान
बचत तथा ऋण सहकारी संस्था लि.

२०७४ सालको विजयादशमी, शुभदीपावली तथा छठ पर्वको
पुनित उपलक्ष्यमा बैंकका सम्पूर्ण ग्राहक सदस्य, शुभचिन्तक तथा
समस्त नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना !

जनार्दनदेव पन्त
*प्रमुख कार्यकारी अधिकृत*
निर्धन उत्थान बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)
केन्द्रिय कार्यालय, भगवतीबहाल नक्साल–१, काठमाडौं ।
फोन नं.०१-४४१३७११,४४१३८४०

विजया दशमी, दीपावली
तथा छठपर्व २०७४
को शुभ उपलक्ष्यमा हाम्रा शुभचिन्तक
तथा समस्त नेपालीहरूमा
हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।







सन्तोष बस्नेत
अध्यक्ष
मो.नं. ९८५११६४३४४, ९८१८६११९५०७

दर्ता नं. ९६१/०६७/०६८

अवसर म्यानपावर सर्भिसेस प्रा. लि.

घर नं. १६१६, वंशीधर मार्ग
चण्डोल, चप्पल कारखाना चोक
पो.ब.नं. ११३८१, काठमाडौं, नेपाल
फोन नं. +९७७-१-४४२२८८१, ४४२२९८४, ४४२३२७८

फ्याक्स: +९७७-१-४४२२०८७
ईमेल: avsar_manpower@hotmail.com
वेबसाईट: www.avsarmanpower.com

विजया दशमी, शुभदीपावली तथा छठपर्व-२०७४
को सुखद अवसरमा समस्त नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।।

उत्तमप्रसाद वास्कोटा
कार्यकारी अध्यक्ष
हिमालय सहकारी संस्था लिमिटेड परिवार
पुरानो वानेश्वर, काठमाडौं

समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीमा
विजया दशमी, दीपावली
तथा छठपर्व २०७४ को
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

राजकुमार गोयल
तथा
कन्काई आयल
सप्लायर्स
नागपोखरी, नक्साल, काठमाडौं । फोन: ०१-४४१६०३०/३१



समालोचना - सीता सुवेदी पन्थी

# छायादत्त न्यौपानेका बाल कविताहरूको नीतिपरक अध्ययन

*(गताङ्क (पूर्णाङ्क ८२) बाट क्रमशः)*

**७. प्वाँप्वाँ भ्वाँभ्वाँ बाल कविता सङ्ग्रहको अध्ययन**

**परिचयः**प्वाँप्वाँ भ्वाँभ्वाँ विसं.२०७०मा प्रकाशित सचित्र बाल कविता सङ्ग्रह हो । यसमा आकर्षक चित्रसहित विभिन्न शीर्षकका बाह्रवटा कविताहरू सङ्गृहीत छन् । यहाँ प्रत्येक कवितालाई छुट्टाछुट्टै अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

**७.१. किताब घर**

लय:किताब घर यस सङ्ग्रहको पहिलो कविता हो । यो कविता छ श्लोकमा रचित छ । प्रत्येक हरफमा कतै छ, कतै सात र कतै आठ अक्षर रहेका छन् । यो कविता बालसुलभ लोकलयमा रचित छ ।

विषयवस्तु: यस कविताको मुख्य विषय किताबघर अथवा पुस्तकालय हो । शनिबारका दिन बाआमासँग किताबघर जाने रहर व्यक्त भएको छ। किताब घरमा जताततै लहरै किताबहरू छन् । चाङै चाङका किताबहरु कुनै ठुला, कुनै साना, कुनै कथा, कुनै कविता, रङ्गीचङ्गी चित्रमय छन् । किताबमा भएका गीत भाका हाली गाऔँ भनिएको छ । भोलिपर्सि पनि किताबघर आइरहने कुरा गरिएको छ । सरल भाषामा किताबघरको वर्णन गरिएको यो कविता बालकलाई पुस्तकप्रति आकर्षण गर्ने उत्कृष्ट रचना हो ।

नीति चेतना : पठन संस्कृतिको विकासको लागि महत्त्वपूर्ण सूचनाप्रवाह गर्ने यो कविता अत्यन्त सन्देशमूलक छ । किताबघरमा पाइने विभिन्न पुस्तकहरूप्रति आकर्षण गर्ने यस कृतिमा नीति सन्देश नभएपनि रचना उत्कृष्ट छ ।

**७.२. नेपाली**

लय: 'नेपाली' यस सङ्ग्रहको दोस्रो कविता हो । यो पाँच श्लोकमा संरचित तथा बालसुलभ लोकलयमा छ ।

विषयवस्तु: यो नेपाली प्राकृतिक सम्पदा, नेपालीपनको वर्णन गरिएको कविता हो । यसमा फुरुरु हिँउ भएका अग्ला अग्ला हिमाल तथा हिउँचितुवाले नेपाल सुन्दर भएको कुरा गरिएको छ । डाँडाँ पाखामा कस्तुरी, चारकोसे झाडीतिर मयुर, सगरमाथा शिखरतिर डाँफे र चौंरी खेल्दा तथा कण्ठ खोली कोइलीले मीठो गीत गाँउदै, पन्छीहरू प्वाँख फुकाई छमछम नाच्दा नेपालको सुन्दरतामा थप निखार आउने कुरा गरिएको छ। सयौं नेपालीभाषाभेष, बाजा, चाडपर्व सबैका साझा भएको चर्चा छ। हाम्रा पुर्खाहरू शूरवीर, कर्मवीर र नामी भएको कुरा पनि व्यक्त भएको छ । हामी सबै मिलेर नेपालको भविष्य सजाउने चर्चा छ । सरल शब्दमा नेपालीपनको मौलिक पहिचान बताउन सफल छ कविता ।

**नीति चेतना :**नेपाली परिचय सम्बन्धी महत्त्वपूर्ण ज्ञान दिने यस कवितामा राष्ट्रिय मौलिकतालाई सरल ढङ्गले प्रस्तुत गरिएको छ । राष्ट्रप्रेमको भावनाले भरिएको यस कविताले नेपालीपनलाई जोगाउँदै अगाडि बढ्न प्रेरित गरेको छ । राष्ट्रियताको वकालत गर्दै सचेत नागरिकको कर्तव्य चिनाउने यो रचना नीति सचेत कविता हो भन्न सकिन्छ ।

**७.३. धेरै फूल**

**लयः**धेरै फूल यस सङ्ग्रहको तेस्रो कविता हो । पाँच श्लोकी यो कवित बालसुलभ लोकलयमा रचिएको छ ।

**विषयवस्तु :** यस कवितामा बालकलाई बगैँचाका कल्कलाउँदा फूलका प्रतीकका रूपमा वर्णन गरिएको छ । यसमा कालो लामो कपाल, फराकिलो निधारमा टीकी, नाकमा बुलाकी र आँखामा गाजल लगाएकी, दाँत लहर मिलेको बाटुलो अनुहार भएकी, चौबन्दी लगाएकी, जिउ सुत्त परेकी साथीलाई भाँडाकुटी खेल्न आँगनमा बोलाइएको छ । आमाको हात समाई टुकुटुकु हिँड्ने नेपाली फूलहरुको मालाझैँ सुन्दर छन् भनिएको छ । चार श्लोकीयो कविता साथीकै वर्णनमा केन्द्रित छ । यसले बाल साथीहरुलाई फूलको प्रतीक मानेको हुँदा सिङ्गै कविता प्रतीकात्मक लाग्छ ।

**नीति चेतनाः**बालकलाई बगैँचाका फूलसँग तुलना गरिएको यस कवितामा साथीलाई मिलिजुली खेल्न बोलाएको प्रसङ्ग उल्लेख छ । साथीको प्रशंसा समेत रहेको यस कवितामा एकताको भाव झल्किएको छ । नीति चेतनाका हिसाबले उल्लेख्य नरहे पनि कविताले बालकहरूलाई पर्याप्त मनोरञ्जन दिएको छ ।

**७. ४. छोटा कविताहरू**

**लयः** 'छोटा कविताहरू' यस सङ्ग्रहको चौथो कविता हो । सात श्लोकमा संरचित यो कविता लोकलयमा छ ।

**विषयवस्तुः** यो कविता एउटा विषयमा केन्द्रित नभई विभिन्न विषय वस्तु समेटेर तयार पारिएको छ । प्रत्येक श्लोकको विषयवस्तु अलग अलग रहेको छ । पहिलो श्लोकमा सानो चरी फुर्र फुर्र गर्ने, ठुलो चरी भुर्र उड्ने, मुसो खुर्र दौडने तथा बिरालो हुर्र आएको कुराछ । दोस्रो श्लोकमा मनेपाठो म्याँ म्याँ गर्ने, पाडी आइँ आइँ कराउने, बाच्छो बाँबाँ गर्नेगर्छ । तेस्रो श्लोकमा पुतली छिर्केमिर्के, रुमाल किरेमिरे, गौँथली चिरेबिरे, कोइली कुहूकुहू भनेर चिनाइएको छ । चौथो श्लोकमा माझीदाइले बल्छी बोकी ल्याए अनि पानी पानी दौडेर माछा समाएको कुरा छ । पाँचौं श्लोकमा भाइले भकुन्डो गुडाएको चर्चा छ । छैठौं श्लोकमा वनपाखा रसाएको, गैँडा हात्ती चराएको, स्याल हुइँया कराएको तथा बाघ भालु रमाएको कुरा गरिएको छ । यसैगरी सातौं श्लोकले गाईवस्तुको गोठ, बाखाको खोर, मौरीको घार र मान्छेको घरबारे चर्चा गरिएको छ। विषयवस्तुको विविधता रहेको यस कविताले विविध क्षेत्रको ज्ञान पनि दिएको छ ।

**नीति चेतना :** प्रस्तुत कवितामा उल्लेख गरिएका पशुपन्छी, कीट, व्यक्ति आदिले आ-आफ्ना धर्म निर्वाह गरेको देखिन्छ । पात्रअनुकूलका प्रसङ्गहरू उल्लेख गर्दै सरर्र बगेको भाषाशैलीले कविता बालसुलभ तथा मनोरञ्जक बनेको छ । नीति चेतनासम्बन्धी उल्लेख्य पक्ष नरहे तापनि कविता बालप्रिय र चित्ताकर्षक छ ।

**७५. चोली :**

**लय :**'चोली' यस सङ्ग्रहको पाँचौं कविता हो । चार श्लोकमा संरचित यो कविता लोकलयमा छ ।

**विषयवस्तु :**यो कविता सुनपङ्खी चरीको वर्णनमा केन्द्रित छ । सुनपङ्खी चरीका राम्रा पखेटा छन्, रुखमाथि गुँड बनाई लहरै बसेका छन् ।व्यवहारोपयोगी संस्कृतिलाई चरा समुदायमा समेटी बडो रोचक ढङ्गले प्रस्तुत गरिएको छ । दुलही चरी डोलीमा बसेको, कोसेली सोलीमा रहेको, पण्डित झोलीमा रहेको र खोलामा जँघार तरेको कुरा छ । टोपी ढल्काएको दुलाहा, चोली टल्काएकी दुलहीको झिल्के जोडी बाटोमा रमाउँदै चौतारीमा भोज खाएको, बेहुला बेहुली लजाएर लोकन्तीलाई बोलाएको, हाँसो ठट्टाको वर्णन छ । समग्रमा कविता संस्कृतिप्रिय एवं मनोरञ्जनप्रधान छ ।

**नीति चेतना :**विशेष गरी सुनपङ्खी चरीको प्रसङ्ग कोटचाई लोकव्यवहारजन्य संस्कार सिकाउने यस कवितामा संस्कृतिप्रति मोह छ । बेहुला बेहुलीको स्वाभाविक गतिविधि समेटिएको यो कविताले सांस्कृतिक जगेर्नामा टेवा

दिएकाले नीति सचेत छ भन्न सकिन्छ ।

**७.६. मकै खाने रहर**

**लय :**मकै खाने रहर यस सङ्ग्रहको छैठौँ कविता हो । जम्मा चार श्लोक रहेको यो कविता लोकलयमा रचित छ ।

विषयवस्तु :यस कवितामा गाउँबेँसी सहरमा पोलेर खाने मकै कसरी फल्छ र कस्तो हुन्छ भन्ने जानकारी रोचक ढङ्गले प्रस्तुत गरिएको छ । बाआमाले खनीखोस्री बारीमा बिउ रोपेर बिरुवालाई बोट पारेको प्रसङ्गले श्रमप्रतिको सम्मानभाव प्रकट गरेको छ । बिचबिचमा पात, फेदमा जरा, टुप्पातिर फूलजस्ता चमर, सुरिला डाँठ भएको राम्रो बोटमा लामालामा जुँगा भएको घोगा फल्ने जानकारी छ । सहरी वातावरणमा हुर्केका बालकलाई मकैको बोट तथा घोगाबारे महत्त्वपूर्ण जानकारी दिइएको छ ।

**नीति चेतना** : श्रम गरेर मकै उत्पादन गरी गाउँबेँसी सहरले रहर पूरा गर्ने भाव प्रस्तुत गरिएको यो कविता कृषि क्षेत्रको व्यावहारिक ज्ञान दिने कविता हो । नैतिक उपदेशहरू प्रत्यक्ष नरहे तापनि श्रमप्रतिको सम्मान भाव तथा जीवन व्यवहारका कुराहरू तथा मकैसम्बन्धी जानकारीको प्रस्तुतिले कविता उत्कृष्ट रहेको छ ।

**७.७. आयो न्याउरी**

**लय :**आयो न्याउरी यस सङ्ग्रहको सातौं कविता हो । जम्मा छ श्लोक रहेको यो कविता लोकलयमा संरचित छ ।

**विषयवस्तु** : यस कवितामा सर्पका गुण, क्रियाकलाप, विशेषता तथा सर्पबाट बच्ने उपाय समेत सङ्केत गरिएको छ । लामो सर्प सुलुलु गर्दै आएपछि चराहरू डराएर कऱ्याङकुरुङ कराएको कुरा गरिएको छ । डरलाग्दो सर्पले मुसा, भ्यागुता समाई सिङ्गै निलेर पेटमा पुऱ्याउँछ भनिएको छ । ठुलो सर्प घरतिरै आउला कि भन्ने आशङ्का गरिएको छ । ठुला मानिस बोलाएर तर्साउनु पर्ला कि भन्ने भाव व्यक्त छ । सर्प पन्छीका फुल खान रुखरुख चढ्दै गुँड खोज्दै गरेको र त्यसलाई जिस्काउन नहुने, गरुडगरुड भने त्यो डराएर दुलो खोजी हराउने कुरा गरिएको छ । अन्त्यमा चराहरू मिलेर न्याउरीलाई बोलाएपछि सर्प भागेको रोचक प्रस्तुतिले कविता मनोरञ्जक र ज्ञान वर्धक बनेको देखिन्छ ।

**नीति चेतना** :सर्पजस्तो डरलाग्दो प्राणीबाट बच्न न्याउरीले सहयोग पुऱ्याएको छ । प्राणीको जीवनशैली प्रस्तुतिको क्रममा आपसी सहयोग, सद्भाव देखाउँदै समयमा ठिक निर्णय गर्नुपर्ने सङ्केत दिइएको यो कविता नीतिसचेत छ ।

**७.८.मादलुमा भेट्छु** :

**लय :**मादलुमा भेट्छु यस सङ्ग्रहको आठौँ कविता हो । जम्मा पाँच श्लोक रहेको यो कविता लोकलयमा रचित छ ।

**विषयवस्तु** : यस कवितामा कला, संस्कृति, प्रकृतिमा रमाउने नेपाली चेलीलाई साथीको रूपमा वर्णन गरिएको छ । कोइलीसँग बोल्ने, हाँसजस्तै हिँड्ने, गौँथलीझैँ गाउने, सारीचोलो लाउने नेपालकी छोरी हिमाल चढ्ने, मेचीकाली घुम्ने, पहाडमा खेल्ने, तराईमा रम्ने कुरा गरिएको छ । त्यसैगरी नेपालको सुन्दर प्रकृतिमा पाइने डाँफे मयुरलाई नचाउने, अर्नासँगै हुने, गुराँसमा झुल्ने, यार्सागुम्बा टिप्ने, सिन्की स्वादले खाने गाउँबेँसीको चर्चा गरिएको छ । यस्ती चेलीलाई मनले बोलाउने, मादलुमा भेटेर पञ्चेबाजाका साथ घर सजाउने अभिव्यक्तिलेमौलिक नेपाली झल्को दिन्छ ।

**नीति चेतना** :नेपाली प्रकृति, कला, संस्कृति, भेषभूषाको सङ्केत गर्ने यस कविताले संस्कृतिमोह राख्छ । नेपाली जीवनशैलीको जानकारी दिँदै संरक्षणमा समेत सुसूचित गर्न सफल यसलाई नीतिसचेत कविता मान्न सकिन्छ ।

**७.९. फूलजस्तै राम्रो :**

**लय :**फूलजस्तै राम्रो यस सङ्ग्रहको नवौँ कविता हो । जम्मा छ श्लोक रहेको यो कविता लोकलयमा रचित छ ।

विषयवस्तु : यस कवितामा मूलको पानी सफा, कुलको मान्छे असल भन्ने परम्परागत विचार राख्न नहुने र सबैप्रति समभाव राख्दै उन्नति र प्रगतिमा अघि बढ्नुपर्ने कुरा प्रस्तुत छ । विदेश जानेलाई कोही ठुलोसानो नभएको भन्दै खबर पठाउन अनुरोध गरिएको छ । खोलापारि घर, अलि पर चरन छोडी गएकालाई जिउ सन्चै छ भनी पत्र लेख्न भनिएको छ । पढाइ लेखाइ गरे काम पाइने र कामले नै माम दिने हुँदा कुनै दुःख नहुने कुरा पनि गरिएको छ । फूलजस्तै सरल, पानीजस्तै सलल, दूधजस्तै सेतो, घामजस्तै झलल बन्न होडबाजीगरेर नाम चलाउन आग्रह गरिएको प्रेरणादायी कविता हो ।

**नीति चेतना** : परम्परागत सोचलाई समयानुकूल परिमार्जन गरे परिश्रमले उन्नति प्रगति गराउँछ भनेर उत्प्रेरित गरिएको यो कविता आपसी सहसम्बन्धबाट अमरत्व प्राप्त गर्ने तौरतरिका सरल ढङ्गले सुझाइएको छ ।आपसी सहभाव राख्दै प्रतिस्पर्धामा स्वतन्त्र किसिमले अघि बढ्नसमेत उत्प्रेरित गर्ने यस कविताले असल तथा अमर व्यक्ति बन्नका लागि गर्नुपर्ने व्यावहारिक सन्देश समेत प्रस्तुत गरेको हुँदा नीति चेतनाका दृष्टिले सशक्त बन्न सफल छ ।

**७.१०. बागबानी :**

**लय :**बागबानी यस सङ्ग्रहको दसौँ कविता हो । जम्मा तीन श्लोकी यो कविता लोकलयमा रचित छ ।

**विषयवस्तु :**बागबानी नेपाली प्रकृति, संस्कृति, कला, भाषाभेष तथा जातिको वर्णन गरिएको राष्ट्रप्रेमी भावनाले ओतप्रोत कविता हो । यसमा खोलाले सङ्गीत दिने, चरीले गीत गाउने र लेकबेँसी, भञ्ज्याङ, बुकी मीत लाउने कुरा गरिएको छ । वनपाखाका सल्लाघारीले लेकै सुसाउने, थरीथरी फूलहरू सँगै मुस्कुराउने अभिव्यक्तिले अनुपम प्राकृतिक छटाहरूको सङ्गमले नेपालको सुन्दरता बढाएको छ भन्ने कुरा प्रष्ट्याउँछ । त्यसैगरी पौरखी नेपालीजनले देशै सजाउने र यहीँ नै चन्द्रसूर्य झन्डा फहराउने कुरा व्यक्त भएको छ । कुहिरोभित्र हिमाल, हिउँभित्र पानी तथा तराई, पहाड, हिमालले नेपाललाई विश्व बागबानी बनाएको छ भन्दै सयौँ भाषाभेष,नौमती बाजाजस्ता हाम्रा मौलिक पहिचान बचाई सभ्यताको बिउ रोप्ने नेपाली जाति नै भएको कुरा प्रष्ट्याइएको छ । नेपाली कला, संस्कृति, नेपालीपन, भूगोल तथा प्रकृतिको अनुपम सौन्दर्यले नेपाली पहिचान बचाइराखेको कुरा कविताभरि नै वर्णित छ । राष्ट्रभक्ति, मौलिकता, प्रकृतिप्रेम जस्ता कुराहरूले कविता उत्कृष्ट बनेको छ ।

**नीति चेतनाः** यस कवितामा नेपाललाई विश्वकै सुन्दर बगैँचाको रूपमा देख्ने कवि आफ्नो राष्ट्र तथा पहिचानमा गौरवान्वित बनेको देखिन्छ । सभ्यता, संस्कृतिको जगेर्ना गर्दै पौरखले राष्ट्र सजिने कुरा प्रस्तुत भएको यस कविताले कला संस्कृतिको जगेर्ना गर्न सक्ने सुसंस्कृत नागरिक उत्पादनको अभीष्ट राखेको देखिन्छ । आफ्नो सभ्यता तथा जातिप्रतिको गौरव अभिव्यक्त भएको यो कविता नीति चेतनाका दृष्टिले सशक्त रहेको छ ।

**७.११. आङकुडी माङकुडी :**

**लय :**आङकुडी माङकुडी यस सङ्ग्रहको एघारौँ कविता हो । यस कवितामा चार हरफका तीन श्लोक,पाँच हरफको एक श्लोक तथा छ/छ हरफका तीन श्लोक गरी जम्मा सात श्लोक छन् । कविता बालसुलभ लोकलयमा रचित छ ।

**विषयवस्तु :** यस कवितामा बाल जिज्ञासा उत्पन्न गराउने विभिन्न गाउँखाने कथालाई प्रश्नका रूपमा प्रस्तुत गरिएको छ । ती जिज्ञासा पूरा गर्न चित्तबुझ्दो समाधान समेत रोचक ढङ्गले प्रस्तुत भएको छ । यसै क्रममा चढ्न दुख हुने सानोसानो रुख सिस्नो, रोटी खाऊँ भनेको परपर हुने घाम, गोरु दाऊँ भनेको तर जुवा लाउन गाह्रो भएको बाघ तथा लौरो टेकूँ

भनेको दुलाभित्र गइदिने सर्प भनेर उत्तर दिइएको छ । त्यसैगरी रुख चढ्ने नानी पलङमा सुत्ने, घाम देखेपछि पातपात लुक्ने शीत हो भनेर जिज्ञासा शान्त पारिएको छ । जुम्रालाई कालीकाली नानी, जङ्गलकी रानी, गुटुमुटु पर्ने रातो पानी खाने भनिएको छ । गँगटोलाई आङ्कुडी माङ्कुडी काङ्कुडी परेको, आँखा टुलुटुलु हेर्ने तर मुन्टो नभएको प्राणी भनी चिनाइएको छ । मकैलाई चाँदीभित्र सुन र सुनभित्र चाँदी भनिएको छ । बडो रोचक ढङ्गले प्रस्तुत भएको यो कविता बाल जिज्ञासा सिर्जना गर्दै सहज समाधान दिने वातावरण तयार पार्न सफल कविता हो ।

**नीति चेतना :** विभिन्न गाउँखाने कथाहरू तथा तिनका उपयुक्त समाधानलाई जिज्ञासाको रूपमा पस्केर बालकमा चिन्तनको तह बढाउन कविता सफल देखिन्छ । नीति सन्देश नभए तापनि कविता विभिन्न जानकारीमूलक सूचना प्रवाह गर्न सफल देखिन्छ । बाल मनोविज्ञान अनुकूल पर्याप्त मनोरञ्जन तथा ज्ञानको संयोजन कवितामा भेटिन्छ ।

**७.१२. प्वाँप्वाँ भ्वाँभ्वाँ :**

**लय** :प्वाँप्वाँ भ्वाँभ्वाँ यस सङ्ग्रहको बाह्रौं तथा अन्तिम कविता हो । छ श्लोकमा संरचित यो कविता लोकलयमा छ ।

**विषयवस्तु** : यस कवितामा विज्ञान र विकासको उपलब्धी स्वरूप गाउँमा पुगेको मोटर र यसका विशेषताको रोचक वर्णन छ। मालताल बोकेर गाउँमा मोटरगाडी आउँदा रमाइलो भएको चर्चा गरिएको छ। गाडीले प्वाँप्वाँ कराएर गाउँभरि आफू आएको खबर दिएको र हेरौँ हेरौँ भन्दै मान्छे हरर दौडेको चर्चा छ। सिसाफलाम मिलेर बनेको मोटरमा सरर घुम्न मजा हुने कुरा व्यक्त छ। मोटरले खेतबारी पुगेर सागपात उठाएको, सहर जाऔं भनेर प्वाँप्वाँ भ्वाँभ्वाँ गरी बोलाएको, सानोठुलो नभनी सजिलरी गुडाउने, आउनोस् भनी बोलाउने जाती साथी भएको कुरा रोचक ढङ्गले प्रस्तुत गरिएको छ । समग्रमा गाउँमा मोटरगाडी आउँदाको रमाइलो प्रस्तुति कवितामा पाइन्छ ।

**नीति चेतना** : विज्ञान र प्रविधिको क्षेत्रमा भएको विकासको फलस्वरूप गाउँघरमा देखिने परिवर्तनलाई सङ्केत गर्न सफल यस कवितामा विज्ञानका उपलब्धीले ल्याएको सहजता प्रस्तुत छ। समानता तथा विकासले भएको सकारात्मक परिवर्तनको सङ्केत रहेको हुँदा कविता नीति सचेत छ भन्न सकिन्छ।

**८. बाफसँग पानी बाल कविता सङ्ग्रहको अध्ययन**

**परिचय** :बाफसँग पानीविसं.२०७०मा स्वदेश प्रकाशनद्वारा प्रकाशित सचित्र बाल कविता सङ्ग्रह हो । यसमा आकर्षक चित्रहरूका साथ विभिन्न शीर्षकका चौधवटा कविताहरू छन् ।

**८.१. बाफसँग पानी** :

**लय** :बाफसँग पानी यस सङ्ग्रहको पहिलो कविता हो जसले कृतिको मूल शीर्षकको सार खिचेको छ । यस कवितामा जम्मा चार श्लोक रहेका छन् र यो लोकलयमा रचित छ ।

**विषयवस्तु** : यो कविता पानीका स्रोत, विशेषता, महत्त्व तथा उपयोगिताको वर्णनमा केन्द्रित छ । यसमा हिउँदेखि तलतल, मुहान, पधेरा, झरना, कुवा, ताल, खोला, नदी, समुद्र, ग्यास, बरफ, बादलमा पानी हुने कुरा गरिएको छ । सललल बगिरहने, जस्तो भाँडो उस्तै रङ हुने, चिसोचिसो हुने बादलसित डुल्दा झरिदिने पानीले माछा, कछुवालाई वास दिन्छ भनिएको छ। पानी सिँचाइ गर्न, बिजुली निकाल्न, खाना पकाउन, सफासुघर हुन तथा जन्मेदेखि बाँचुन्जेलसम्म नभई नहुने कुरा हो भनी यसको महत्त्व प्रस्तुत गरिएको छ।

**नीति चेतना** : बहु उपयोगी तथा बाँच्नका लागि अपरिहार्य पानी विभिन्न स्रोतबाट प्राप्त गर्न सकिने जानकारी प्रस्तुत भएको यस कवितामा प्रत्यक्ष रूपमा नीति सन्देश नभेटिए पनि पानीको संरक्षणतर्फ सचेत बनाउनु यसको अभीष्ट रहेको देखिन्छ ।

**८.२. राम्रो लुगा :**

**लय** :राम्रो लुगा यस सङ्ग्रहको दोस्रो कविता हो । पाँच श्लोकमा संरचित यो कविता लोकलयमा छ ।

**विषयवस्तु :** यस कवितामा सानीसानी नानीको राम्रो लुगाको वर्णन गरिएको छ । सानी नानीको सुर्केफुर्के जामा लगाइदिन आमा आउने कुरा गरिएको छ । हजुरआमाले रोजिदिएको जामा रूपरङ्ग मिलेको, न्यानो, छेउमा गोजी राखी मजाले सिलाएको, रातो भुइँमा किरेमिरे फूल भएको हुनाले सानी नानीलाई मन परेको र चिरिच्याट्ट सुहाएको कुरा गरिएको छ। यस्तो राम्रो लुगा बुन्ने सीप कसको होला भनेर जान्ने जिज्ञासा पनि प्रस्तुत गरिएको छ ।

**नीति चेतना :** पर्याप्त मनोरञ्जन दिन सक्ने यस कवितामा अभिभावकको भूमिका तथा सीपप्रतिको सम्मानभाव व्यक्त भएको छ। प्रत्यक्ष नीति सन्देश भने पाइँदैन ।

**८. ३. पुस्तक मेला :**

**लय** :पुस्तक मेला यस सङ्ग्रहको तेस्रो कविता हो । चार श्लोक रहेको यो कविता बालसुलभ लोकलयमा रचित छ ।

**विषयवस्तु** : रमाइलो पुस्तक मेलाको वर्णन गरिएको यस कविताले पुस्तकप्रतिको आकर्षण प्रस्तुत गरेको छ । धेरै मानिस पुस्तक मेलामा आई लाम लागेर पुस्तक हेरेका, मेलामा कथा, कविता, गीत, चित्र, तस्बिर भएका हजारौं हजार पुस्तक पढ्दै पुस्तकैसँग नाच्न गाउन मन लागेको कुरा कवितामा अभिव्यक्त भएको छ ।

**नीति चेतना** : पुस्तकप्रति आकर्षण जगाई पठन संस्कृतिको विकासमा सहयोग पुऱ्याउने कविताको प्रस्तुति रोचक छ । पुस्तक पढ्ने बानी विकास गराउन सकेमा असल नागरिक बनाउन सकिने हुँदा कविताको सन्देश यसतर्फ केन्द्रित छ ।

**८.४. टुर्रटुर्र भ्यागुता :**

**लय** :टुर्रटुर्र भ्यागुता यस सङ्ग्रहको चौथो कविता हो । चार श्लोकी यो कविता बालसुलभ लोकलयमा रचित छ ।

**विषयवस्तु** : यो कविता प्रकृतिपरक कविता हो । यसमा जून टहटह, तारा झिलीमिली हुने, नदी सलल, छहरा कलकल बग्ने, बत्ती झललल बल्ने, हावा सरररर चल्ने, झन्डा फररर हुने, हरियाली भ्याम्म हुने, फूलमा पुतली र मौरी रमाउने, खेतमा टम्म हिलो हुने, टुर्रटुर्र गर्ने भ्यागुतो पोखरीमा रहने कुरा गरिएको छ ।

**नीति चेतना** :विभिन्न अनुकरणात्मक शब्दहरू प्रयोग भएको यस कविताले पर्याप्त मनोरञ्जनका साथमा शब्दभण्डारको ज्ञान बढाउन सहयोग गर्ने देखिन्छ । यस कवितामा नीति सन्देश भने पाइँदैन ।

**८.५. आहा कति जाती** :

**लय** :आहा कति जाती यस सङ्ग्रहको पाँचौं कविता हो । चार श्लोकी यो कविता बालसुलभ लोकलयमा रचित छ ।

**विषयवस्तु** : यो कविता साथीको स्वभाव तथा व्यक्तित्व वर्णनमा केन्द्रित छ। यहाँ आफूलाई खोज्दै आँगनमा आएकी साथी रातो टीका लाएकी, आफूजत्रै, फूलजस्तै राम्री, सारीचोलो लाएकी, जूनजस्तै उज्याली, मुस्कुराउने, मन मिल्ने, माथिमाथि पुग्ने, अचम्मकी बाठी र जाती भएको कुरा रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

**नीति चेतना** : यस कवितामा भएको साथीको वर्णनले चलाख हुनुपर्ने, उन्नति प्रगतिमा लाग्नुपर्ने तथा असल गुणयुक्त हुनुपर्ने सङ्केत गरेको हुँदा कविता नीति सचेत रहेको पाइन्छ ।

**८.६. झन्डा नाच्यो फिरिरी :**

**लय** :झन्डा नाच्यो फिरिरी यस कृतिको छैठौं कविता हो । जम्मा दस हरफमा संरचित यो कविता लोकलयमा छ ।

**विषयवस्तु** : नेपाली कला, संस्कृति, प्रकृति तथा लोकबाजाको वर्णनमा यो कविता केन्द्रित छ । सुन्दर प्रकृति, यहाँका वन्यजन्तु, मुरली, पञ्चेबाजा, सारङ्गी, खैंजडी, झुर्मा, मादल आदिको संयोजनसँगै चन्द्रसूर्य उदाएको झन्डा फिरिरी नाचेको प्रसङ्गले कविता रोचक बनेको छ ।

**नीति चेतना** : प्रकृति, संस्कृति तथा राष्ट्रप्रेमको भावनाले ओतप्रोत यस कविताले नेपाली कला तथा संस्कृतिप्रतिको मोहभाव झल्काउन सफल भएकाले नीतिसचेत मान्न सकिन्छ ।

**८.७. आँगन :**

**लय** : आँगन यस सङ्ग्रहको सातौं कविता हो । दस हरफमा संरचित यो कविता लोकलयमा छ ।

**विषयवस्तु** : हिमाल, पहाड, तराई, विभिन्न पशुपन्छी भएको, प्राकृतिक सुन्दरताले भरिएको देश नेपालमा बहुभाषा, बहु जाति रहेको र जता हेर्‍यो त्यतै साथी साथी भएको कुरा गरिएको छ । साथी साथी सँगै उठे देश माथि उठ्ने, सुखदुख बाँडीचुँडी लिने, मनका कुरा आफैं भन्ने, जुटेर सँगै खेल्ने तथा आँगनरूपी नेपाल राम्रो बनाउने कुरा गरिएको छ ।

**नीति चेतना** :प्रकृतिप्रेम, राष्ट्रप्रेम तथा राष्ट्रनिर्माणका लागि जुट्नुपर्ने भावयुक्त यो कविता समभाव राखेर मेलमिलापका साथ अघि बढ्ने प्रेरणा प्रदान गर्ने हुँदा नीति सचेत छ ।

**८.८. नेपाली :**

**लय** : नेपाली यस सङ्ग्रहको आठौं कविता हो । जम्मा बाह्र हरफमा संरचित यो कविता झ्याउरे छन्दलयमा छ ।

**विषयवस्तु** : यस कवितामा नेपाल तथा नेपालीको पहिचान दिने प्रकृति, संस्कृति, भाषाभेस, संस्कार, मठमन्दिर, बाजागाजा, खानपिन तथा पुर्खाको योगदान एवम् कृतिलाई नेपालीको सानका रूपमा वर्णन गरिएको छ । भौगोलिक, सांस्कृतिक, धार्मिक, भाषिक विविधताबिच भएको एकता नै नेपालीको पहिचान र सान हो र यसैले अनेक फूलझैं नेपाली मन पनि सिँगारेको अभिव्यक्ति कवितामा छ ।

**नीति चेतना** : पुर्खाप्रतिको सम्मान भाव प्रकट गर्नुका साथै संस्कार र संस्कृतिको संरक्षण गर्नुपर्ने सन्देश प्रवाह गर्न सफल यो कविता नीति चेतनाका दृष्टिले सशक्त रहेको छ ।

**८.९. फूल :**

**लय** :फूल यस सङ्ग्रहको नवौं कविता हो । दस हरफ रहेको यो कविता लोकलयमा रचित छ ।

**विषयवस्तु :** यो प्रकृति हो । यसमा हावा सिरिरि चल्ने, पानी दरर पर्ने, झन्डा फरररर फरफराउने, ताली परर बज्ने, किरेमिरे पुतली फूलफूलमा फुरुरु गर्ने, गौंथली भुरुरु उड्ने कुरा गरिएको छ । यसैगरी फूलमा पुतली, रसरसमा भँगेरा, बगैंचामा सानासाना बिरुवा ढकमक हुने कुरा व्यक्त छ । साथै मखमली, गुराँस, गोल्सजन, जुही, सयपत्री, गुलाफ, जाही, सुनगाभा, गोदावरी, गुहेलीहरु सहेली बनेर खेतमा मुस्कुराएको चर्चा छ ।

**नीति चेतना** : विभिन्न फूलहरूबिच मित्रता प्रस्तुत भएको कवितामा नीति सन्देश नभए तापनि मनोरञ्जनात्मक छ ।

**८.१०. झरना :**

**लय** :झरना यस सङ्ग्रहको दसौं कविता हो । जम्मा चार श्लोक रहेको यो कविता बालसुलभ लोकलयमा रचित छ ।

**विषयवस्तु** : यस कवितामा झरनाका विशेषता तथा यसको उपयोगिताको चर्चा छ । हेरौं हेरौं लाग्ने झरना वनपाखा डुल्ने, पानीघट्ट चलाउँदैबेँसीतिर झर्ने, धर्ती भिजाएर हरियाली ल्याउने, कलकल बग्दै मीठो गीत गाउने, शीतल हुने, कुलाकुला बग्ने, खेतबारी भिजेपछि फेरि बाटो लाग्ने, पशुपन्छी तथा रुखको तिर्खा मेटाइदिने, साथीसाथी मिलेर नदी बन्ने कुरा बताइएको छ ।

**नीति चेतना** : झरनाको उपयोगिता सम्बन्धी ज्ञान प्रस्तुत भएको यस कविता नीति चेतनाका कुरा उल्लेख्य नभए पनि पर्याप्त मनोरञ्जन तथा सूचना प्रवाह गर्न सफल देखिन्छ ।

**८.११. बाठो खरायो :**

**लय** : बाठो खरायो यस सङ्ग्रहको एघारौं कविता हो । पाँच श्लोकी यो कविता बालसुलभ लोकलयमा रचित छ ।

**विषयवस्तु** : बाआमाले नयाँ किताब किनेर ल्याएको र हजुरबाले सिंह र खरायोको कथा भनेको कुरा कवितामा उल्लेख छ । खरायो सानो भए पनि हामी भन्ने भावना भएको तर सिंह ठुलो, मैहुँ भन्ने मूर्ख र घमन्डी भएको कुरा कवितामा प्रस्तुत छ । खरायो चलाख भएकाले जुक्ति र बुद्धिले सिंहलाई आउनोस् दाजु भनी पोखरीको छेउमा पुर्‍याई उसकै छाया देखाएको, सिंह पानीमा हाम फालेर पानीभित्रै हराएको चर्चा छ ।

**नीति चेतना** : बल र घमन्ड बिनासको कारण हो भन्दै बुद्धिले ठुला काम पनि सजिलै गर्न सकिन्छ भन्ने सन्देश प्रस्तुत भएकाले कविता नीति चेतनाका दृष्टिले सशक्त रहेको पाइन्छ ।

**८.१२. तराई :**

**लय** : तराई यस सङ्ग्रहको बाह्रौं कविता हो । तीन श्लोक रहेको यो कविता लोकलयमा रचित छ ।

**विषयवस्तु** : यस कवितामा भकारीमा अन्न हुने, मुहानबाट पानी आउने, ओदान राखी आगो बालिने, बिहान घाम ताप्ने, लुगाले जाडो छेक्ने, सिमलको भुवा हुने, गोरु नार्ने जुवा हुने, पुवा मीठो हुने, डाँफेमयुर प्वाँख फिँजाई नाच्ने, हिमाल पहाड तराईमा चौंरी, हात्ती, गैंडा हुने भनी विभिन्न वस्तु तथा ठाउँका विशेषता बताइएको छ ।

**नीति चेतना** : नेपाली प्रकृति र चालचलन सम्बन्धी जानकारीहरू प्रस्तुत कवितामा नीति चेतना भने पाइँदैनन् ।

**८.१३. मीठो मीठो बुबुमाम :**

**लय** : मीठो मीठो बुबुमाम यस सङ्ग्रहको तेह्रौं कविता हो । चार श्लोकी यो कविता बालसुलभ लोकलयमा रचित छ ।

**विषयवस्तु** : असारमा छुपुछुपु धान रोपी, धान ढिकीमा कुटी, मानापाथीले नापी माम तयार पारिने, घाँसकुँडो खाने गाईले बुबु दिने र मीठो बुबुमाम नानीबाबुहरूलाई 'को खाई को खाई' गरी खुवाउने तथा हामी सबैका लागि चाहिने कुरा कवितामा रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

**नीति चेतना** :स्वास्थ्यका लागि उपयुक्त बुबुमाम उत्पादनबारेजानकारी, श्रमप्रति सम्मानभाव तथा साना नानीहरूप्रति अभिभावकको दायित्व सङ्केत भएकाले यो कविता नीति सचेत रहेको छ ।

**८.१४. धेरै फूल :**

**लय** : धेरै फूल यस सङ्ग्रहको चौधौं तथा अन्तिम कविता हो । पाँच श्लोकी यो कविता बालसुलभ लयमा संरचित छ।

**विषयवस्तु** : यस कवितामा नेपाली बालकलाई बगैंचाका फूल तथा फूलैफूलको मालासँग तुलना गर्दै सानी साथीका विशेषतावर्णन गर्दै सँगसँगै खेल्न आह्वान गरिएको छ । सानी साथी कालो लामो कपाल, सरल कुराकानी, फराकिलो निधारमा टीकी लगाएकी, मिलेका दाँत लहर भएकी, अनुहार बाटुलो, जिउ सुत्त परेको, चौबन्दी लगाएकी, गाजलु आँखा तथा नाकमा बुलाकी चिरिच्याट्ट सुहाएको कुरा गरिएको छ । यस्ती साथीलाई आमाको हात समाई टुकुटुकु हिँड्दै आँगनमा भाँडाकुटी खेल्न बोलाइएको छ ।

**नीति चेतना** : बगैंचाका रङ्गीचङ्गी फूलझैं नेपाली बालबालिका रहेको तथा नेपाली संस्कारले सुन्दर बनाएको कुरा कवितामा छ । मेलमिलाप तथा एकताको भाव रहेको यो कविता नीति सचेत छ ।

### ९.कति राम्रो क बाल कविता सङ्ग्रहको अध्ययन

**परिचय** : कति राम्रो क विसं.२०६३मा जम्को प्रकाशनद्वारा प्रकाशित सचित्र बाल कविता सङ्ग्रह हो । यसमा विषय अनुकूल चित्रसहित पाँच कविताहरू सङ्कलित छन् । यहाँ प्रत्येक कवितालाई छुट्टाछुट्टै अध्ययन गर्ने प्रयास गरिएकोछ ।

### ९.१. ज्ञान दिने ज्ञ :

**लय** : ज्ञान दिने ज्ञ यस सङ्ग्रहको पहिलो कविता हो । आठ श्लोकमा संरचित यो कविता लोकलयमा छ ।

**विषयवस्तु** : नेपाली वर्णमालाका कदेखि ज्ञसम्मका व्यञ्जन वर्णहरू तथा ती वर्णबाट आउने शब्दहरू चिनाउनु कविताको मुख्य उद्देश्य रहेको देखिन्छ । यसै क्रममा कले कलम समाउन, खले खकन लगाउन, गले गमला सजाउन, घले घरबार बसाउन, ङले नाकेस्वर सुनाउन, चले चर्खा चलाउन, छले छहारी बढाउन, जले जहाज चलाउन, झले झन्डा फहराउन, ञले गोरु गोठ जान भनेको छ । त्यसैगरी टज्ञसम्मका वर्णहरुले जनाउने कामसँगै अक्षर चिनाउने प्रयत्न गरिएको छ ।  अन्तिम श्लोकमा जम्मा दुई हरफ छन् जसमा क ख ग घ वर्णमाला पढ्दै अघि बढ्न, कर्मशील बनेर इलम समाउन अनुरोध गरिएको छ । वर्णहरूका अगाडि तिनका विशेषताहरू पनि उल्लेख गरिएको छ ।

**नीति चेतना** : वर्णमालाका व्यञ्जन वर्ण सिकाउने अभीष्ट रहँदा रहँदै कविताले पढीलेखी राम्रा काम गर्दै अघि बढ्न सङ्केत गरेको छ । यी सङ्केतहरू कवितामा आदेशात्मक रूपमा आएका छन् । बालकहरूलाई पढाइप्रति उत्प्रेरित गर्दै भविष्यमा असल नागरिक बनाउन आवश्यक पर्ने विभिन्न गुणहरूको अबलम्बन गर्न अनुरोध गरिएको यो कविता नीति चेतनाका दृष्टिले विशिष्ट रहेको छ ।

### ९.२. उखु खाऊ :

**लय** :उखु खाऊ यस सङ्ग्रहको दोस्रो कविता हो । यो कविता चौध हरफमा संरचित तथा लोकलयमा छ ।

**विषयवस्तु** : नेपाली वर्णमालाका अदेखि अःसम्मका वर्णहरू तथा ती वर्णबाट आउने शब्दहरूको जानकारी दिलाउनु कविताको मुख्य अभीष्ट रहेको देखिन्छ । शब्दभण्डारको जानकारीका अतिरिक्त कवितामा असल बन्न, नेपाल सजाउन, इलम समाउन, इँटाघर बनाउन, उखु खान, ऊनी लुगा लगाउन, ऋणमुक्त हुन, एकतामा आउन, ऐश्वर्य बढाउन, ओदान बसाउन, औषधि लगाउन, अङ्कुश हटाउन भनिएको छ । विसर्ग अः ले उच्चारण मिलाउने काम गर्ने र **यी स्वरवर्णहरू पढ्दै अघि जान भनिएको छ ।**

**नीति चेतना** : पढीलेखी परिश्रमी, एकताबद्ध भई नेपाल सजाउन आग्रह गरिएको कविताले असल नागरिक बन्नुपर्ने  व्यवहारोपयोगी भाव व्यक्त गरिएकाले कविता नीति सचेत छ ।

### ९.३. टुकुटुकु हिँड :

**लय** : 'टुकुटुकु हिँड' यस सङ्ग्रहको तेस्रो कविता हो । जम्मा चार श्लोकमा संरचित यो कविता लोकलयमा छ ।

**विषयवस्तु** : यस कवितामा एकदेखि बाह्रसम्मको अङ्क ज्ञान दिलाउने उद्देश्य रहेको देखिन्छ । उमेरअनुसार बालकले गर्ने व्यवहार तथा क्रियाकलापको अङ्कबाट सङ्केत गरिएको छ । यसै क्रममा एक पुग्दा अरूलाई देख्ने, दुई पुग्दा बुइ चढ्ने, तीन पुग्दा टुकुटुकु हिँड्ने, चार पुग्दा लुक्ने ठाउँ सार्ने, पाँच पुग्दा मादल बजाई नाच्ने, छ पुग्दा पढ्न बस्ने, सात पुग्दा भात खाने, आठ पुग्दा आँट झिक्ने, नौ पुग्दा कामधन्दामा जाने, दस पुग्दा बुद्धिभित्र पस्ने, एघार पुग्दा भित्रबाहिर बढार्ने तथा बाह्र पुग्दा संसार देख्न थाल्ने कुरा बताइएको छ । यसरी सङ्ख्याको ज्ञान लिँदै अगाडि जान तथा साथीभाइको न्यानो माया साटेर रमाउन आग्रह गरिएको छ ।

**नीति चेतना** : बाल उमेर तथा रुचिअनुकूल व्यवहारतर्फ उत्प्रेरित गरी असल नागरिक उत्पादनको आधार भएको र यसैमा जोड दिएकाले यो कविता नीति सचेत बनेको छ ।

### ९.४. कति राम्रो क :

**लय** : कति राम्रो क यस सङ्ग्रहको चौँथो कविता हो । दोहोरीको शैलीमा रहेको यस कवितामा अठार चरण छन् । ग्रामीण लोकलयमा रचित यस कवितामा 'कति राम्रो क, साथीभाइ मिलेर पढौँ लेखौँ ल' रहनी रहेको छ ।

**विषयवस्तु** : कृतिको मूल शीर्षक कति राम्रो क को सार रहेको यस कवितामा पढाइ लेखाइप्रतिको आकर्षण, पढीलेखी गर्न सकिने काम, शिक्षितले गर्न सकिने परिवर्तनलाई सङ्केत गरिएको छ । चौबन्दी चोलीमा सजिएकी सोल्टिनाले पढ्छु भनेको, अहिले सानै भए पनि पछि सिपालु भई खुल्न, फुल्न तथा उन्नति गर्नका लागि पढ्नुपर्ने कुरा कवितामा व्यक्त गरिएको छ । यसै क्रममा स्कुल जाँदा साथीलाई पर्खँदै जाने, आकाश खुल्दा दिन उज्यालो भएजस्तै नाचगानले मन रमाइलो बन्ने कुरा गरिएको छ । साथीसँग गोलाइमा बसी गीत गाउन मजा हुने, सानो रुख ठुलो भई फल्ने अभिव्यक्ति रहेको छ । बाँसको चोयाबाट घुम बुनेर ओढ्ने, मन फुकाएर पिरती लगाउने, इशाराले मायालाई बोलाउने, स्वर मिलाई मीठो गीत गाउने, छरछिमेकीले चौतारो चिन्ने, हिमाली पाखामा गुराँस फुल्ने, मायालु भाकामा कोइली बोल्ने, झरनाले सागर बन्छु भन्ने, मादलले दोहोरी गाउँछु भन्ने, हावा चली सालघारी सुसाउने, वनचरी वनमा रमाउने, मनको कुरा साथीलाई सुनाउने, मनमा माया फूलमा सुवास हुने तथा अल्छी बनी बस्न नहुने कुरा गरिएको छ । नेपाल सबैको साझा घर भएकाले कानुनअनुसार चलाई मिलेर माया गाँसी बस्नुपर्ने अभिव्यक्तिका साथ राष्ट्रप्रेमको भावना सल्बलाएको पाइन्छ ।


**नीति चेतना** : एकता, मेलमिलाप, राष्ट्रप्रतिको प्रेम, नेपाली प्रकृति, संस्कृति तथा व्यवहारका कुराहरूको रोचक प्रस्तुति रहेको यस कविताले पढाइ लेखाइमा लागेर सीपयुक्त, सभ्य, सुसंस्कृत नागरिक तयार पारी राष्ट्र उत्थान गर्ने अभीष्ट राखेको पाइन्छ । अतः यो कविता नीति चेतनाका दृष्टिले सशक्त रहेको छ ।


### ९.५ म जस्तै


**लय** :म जस्तै यस सङ्ग्रहको पाँचौँ तथा अन्तिम कविता हो । छ श्लोकमा संरचित यो कविता लोकलयमा छ ।


**विषयवस्तु** : यस कवितामा यात्राको क्रममा एक्लिएर समस्यामा परेको बालक आफू जस्तै साथी पाएर लक्ष्यमा पुग्न सफल भएको चर्चा छ । बाक्लो रूख भएको सुनसान जङ्गलमा आफू पुग्ने ठाउँ नभेटेर अल्मलिएको बेला ठूलो बाघ कराएको, सानो खरायो डराएर झाडीतिर पसी हराएको कुरा कवितामा बताइएको छ । बालकले यसै क्रममा एक्लै हिँड्दा हतारले बाटो बिराएको, खर्च सकिएको, मिल्ने साथी नपाएको र एक्लै हिँड्नु गल्ती भएको महसूस गरी मनको पर्दा हटाएर मिल्ने साथीको अपेक्षा गरेको छ । फूल राम्रा भए बास्ना पनि मीठो पाइएजस्तै साथी पाए राम्रो हुने अनुभूति गर्दछ । यसै क्रममा पिपलुको फेदमा टोलाएर बसेको अर्को आफू जस्तै बालकले आफूलाई हातको सानले बोलाएको र ढुङ्गो खोज्दा देउता मिलेजस्तै लागेको, दुवै मिलेर मनका कुरा साट्दै पाइला अघि बढाएको, बिराएको बाटो भेटाएको, मनमा जाँगर भरिएको, चुचुरामा पुगी मेचीकाली देखेको, लक्ष्य चुम्न सफल हुँदा तनको थकाइ मेटिएको भाव व्यक्त भएको छ । एकतामा ठूलो बल हुन्छ, मित्रता ठुलो कुरा हो भन्ने सन्देश प्रवाह गर्न सफल यो कविता मार्मिक रहेको छ ।

**नीति चेतना** :साथीको सहयोगले समस्याको सजिलै समाधान गर्न सकिने, एकतामा ठूलो बल हुने, मित्र भावले जीवनको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने भाव रहेको यो कविता नीति चेतनाका दृष्टिले पनि सशक्त रहेको छ । ◆◆


Firesurance
Be safe with Shikhar Fire Insurance
SHIKHAR FIRESURANCE
Happysurance
SHIKHAR FIRESURANCE
Shikhar Firesurance covers loss due to Fire with extension of Earthquake, Riot, Strike Damage, Malicious Damage, Terrorism, Storm, Flood, Typhoon, Aircraft and Aerial damage etc
Be safe with Shikhar Fire Insurance.
Shikhar Insurance
Happysurance
For further details contact: 9851087081
Shikhar Biz Centre, Fifth-Seventh Floor, Thapathali, Kathmandu, Ph: 4246101, 4246102, Fax: 4246 103


बचतको सुविधामा मुद्दतीको प्रतिफल
महालक्ष्मी विकास बैंक
सुनौलो
बचत
8%
interest p.a.
महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)
प्रधान कार्यालय दरबार मार्ग, काठमाडौं, नेपाल
फोन नं.: ४२६८७१९/४२६८७२०, फ्याक्स: ४२६९३०८
Find us on facebook
/mahalaxmibikasbank/
www.mahalaxmibank.com


ADMISSION OPEN
*BCA/BBM
BBS
BSW
BA
Samragyee R. L. Shah
Actress (BSW Student)
Samrat Maharjan
T.U. Topper BA Student (Arjun Shree Medal Achiever, 2072)
Bina Ale Magar
Miss Teen 1st Runner up (BA Student)
Dipak Bajagain Sharma
BSW Student (Guinness World Recorder 2011)
Rupa Maharjan
TU Topper 2071, BBS Student
Babita Baniya (Jery)
National Folk Singer (BA Student)
NIMS COLLEGE Estd. 2007
NIMS College
Kanibahal(Lagankhel)
Tel.: 01-5538017, 5550102


www.globalimebank.com
Toll Free no. 1-660-012-1314
धेरै छन् बचतले सृजना गर्ने खुशीहरु
सुनिश्चित भविष्य । सपनाहरु पूरा हुने विश्वास । भविष्यको लगानी । मनको शान्ति
आर्थिक स्वतन्त्रता । आत्मविश्वास । आत्मसम्मान । सम्पन्न जीवन
आफ्नो बचतलाई सुरक्षा र उचित मूल्य दिन
आजै ग्लोबल आइएमई बैंकमा खाता खोल्नुहोस ।
आकर्षक ब्याज सहितका थप सुविधाहरु
• मोबाइल बैंकिङ • इन्टरनेट बैंकिङ • डेबिट कार्ड • क्रेडिट कार्ड
• Any Branch Banking Service • उच्चस्तरीय सुरक्षित लकर • चेकबुक
बचतका खुशीहरु
बचत गरौं
Global IME Bank



मलेसियास्थित रिया आइएमईले दशैं र तिहारको अवसरमा ल्याएको **"दशैं तिहारमा आइएमई गर्नुहोस् घर सजाउनुहोस्"** सेवाग्राहीमुखी व्यापार प्रवर्द्धनात्मक कार्यक्रमअन्तर्गत पहिलो भाग्यशाली विजेता घोषणा गरेको छ । सफ्टवेयर सिस्टममा आधारित रहेर गरिएको छनोटकार्यक्रममा रिया आइएमईका सेवाग्राही **राममणि भट्टराई** भाग्यशाली विजेता घोषित हुनुभएको हो ।

**विजया दशमी तथा दीपावलीको उपलक्ष्यमा देश विदेशमा रहनुहुने सम्पूर्ण दाजुभाइ, दिदीबहिनी, ग्राहकवर्ग एवं शुभचिन्तकहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

IME International Money Express

नेपालको नं. १ रेमिटेन्स कम्पनी

— सीआईपी सम्मान २०१४ को विजेता —

**आई.एम.ई. परिवार**



**विजया दशमी,**

**दीपावली, छठपर्व २०७४**

**एवं नेपाल सम्वत् ११३८**

**को शुभ उपलक्ष्यमा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं**



LIVE WHERE YOU BELONG

ग्रान्डी टावर, ग्रान्डी हस्पिटल, ठैव, सानेपा, कौसलटार, छाउनी, विजेश्वरी लगायतका स्थानमा कोलोनी निर्माण सम्पन्नपछि हामी सल्लाघारी कोलोनी भक्तपुरलगायत अन्य विभिन्न ठाउँमा आकर्षक कोलोनी निर्माणमा जुटिरहेका छौं ।

CE CONSTRUCTION PVT. LTD.

www.cerealestate.com.np

**विजया दशमी, दीपावली, छठपर्व २०७४ एवं नेपाल सम्वत् ११३८ को शुभ उपलक्ष्यमा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।**

**डी.बी. कार्की**
राजनीतिज्ञ/युवा उद्यमी
एवं अध्यक्ष
**लायन्स इन्टरनेसनल नेपाल**
लैनचौर, काठमाडौँ





**यात्रा**
**बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
कोटेश्वर-३५, काठमाडौँ
फोन नं: ०१-५१००५७७

**विजया दशमी, दीपावली, छठपर्व २०७४ एवं नेपाल सम्वत् ११३८ को शुभ उपलक्ष्यमा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।**



**रजिन श्रेष्ठ**
अध्यक्ष

**सहकारी जगतमा 'यात्रा' को आफ्नै पहिचान**



नेपाल सरकार
**पशुपन्छी विकास मन्त्रालय**
## पशु सेवा विभाग
# उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना
### आयोजना व्यवस्थापन कार्यालय
हरिहरभवन, ललितपुर

हिमाली क्षेत्रका १० जिल्ला (संखुवासभा, सोलुखुम्बु, दोलखा, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, जुम्ला, डोल्पा, हुम्ला र मुगु) मा हिमाली आयोजना सञ्चालनमा रहेको छ । यस आयोजनाले उक्त जिल्लाहरुमा कृषि, पशु पालन, जडीबुटी उत्पादन तथा प्रशोधन र अन्य (रेन्बो ट्राउट माछा पालन, मौरी पालन, कृषि पर्यटन आदि) मा गरि जम्मा ६४० उप-आयोजनाहरुलाई व्यवसायिक आयोजना सञ्चालन गर्न लागतको ८०% सम्म अनुदान दिएर त्यस क्षेत्रको निर्वाहमूखि कृषि व्यवसायलाई व्यवसायीकरण गर्न सहयोग गरेको छ ।

**हालसम्मका केही उपलब्धिहरू:**

१) बागवानी विकास तर्फ विशेष गरि स्याउ खेती र किवी खेती तथा पशु पालन तर्फ बाखा, भेडा, च्याँग्रा, गाई, याक/चौंरी, बंगुर को उत्पादन र व्यवसायीकरणमा विशेष टेवा पुगेको छ ।

२) आयोजनाले सोलुखुम्बु , दोलखा, रसुवा, मनाङ्ग र मुस्ताङ्गमा रेन्बो ट्राउट व्यवसायीहरुलाई माछा पालनको लागी अनुदान प्रदान गरेको छ । यस मध्ये सोलुखुम्बु, मनाङ्ग र मुस्ताङ्गमा पहिलो पटक रेन्बो ट्राउट माछा सफलता पूर्वक उत्पादन गरिएको छ ।

३) आयोजनाले अनुदान दिएको उप-आयोजनाहरुमा हालसम्म करीव ७९०३ (पूर्णकालिन तथा ज्यालादारी) जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ भने व्यवसायीहरुले लगभग रु. ४८ करोड आम्दानी पनि प्राप्त गरिसकेका छन् ।

" हिमाली आयोजनाको अनुदान सहयोगमा सञ्चालीत उप-आयोजनाहरुको निरन्तरताको लागि समन्वय र सहयोग गरौं ।"

## हिमाली आयोजना
**हरिहर भवन, ललितपुर, फोनः ०१५५२५८३१ टोल फ्री नम्वर : १६६००११५५००**
**वेव साइटः www.himali.gov.np**




# बडादसैं, दीपावली तथा छठ पर्व - २०७४

को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक सदस्य, शुभचिन्तक तथा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**प्रकाशराज शर्मा**
**प्रमुख कार्यकारी अधिकृत**
**तथा**

*Laxmi Laghubitta Bittiya Sanstha Ltd.*
*लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.*

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्ग (राष्ट्रियस्तर) को इजाजतपत्रप्राप्त वित्तीय संस्था)

**केन्द्रीय कार्यालय, कपनमार्ग, महाराजगञ्ज, काठमाण्डौ, नेपाल ।** ईमेल: info@laxmilaghu.com.np

# रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लि. (RMDC)

RMDC

**समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा २०७४ सालको**
**बडादसैं, तिहार तथा छठपर्वको हार्दिक मंगलमय शुभकामना ।।**

## थोक ऋण लिन चाहने लघुवित्त संस्थाहरुलाई सूचना

देशका विभिन्न क्षेत्रमा विपन्न वर्गलाई आय आर्जनका लागि लघु ऋण उपलब्ध गराउन रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि. **(RMDC)** ले लघुवित्त संस्थाहरुलाई थोक ऋण उपलब्ध गराउँदै आएको छ। निम्न योग्यता पुगेका इच्छुक लघुवित्त संस्थाहरुले यस सेण्टरबाट थोक ऋण प्राप्त गर्न सक्ने छन् ।

**ऋण प्राप्त गर्न सक्ने संस्थाहरु**

- लघुवित्त विकास बैंकहरु
- विपन्न वर्गमा समेत कारोबार गरेका बचत तथा ऋण सहकारी संस्थाहरु
- साना किसान सहकारी संस्थाहरु र
- वित्तीय मध्यस्थकर्ताको अनुमति प्राप्त गैरसरकारी संस्थाहरु

**संस्थासंग हुनुपर्ने पूर्व योग्यताहरु**

१) विधिपूर्वक दर्ता भई लघुवित्त वा बचत ऋण कार्यक्रम संचालन गर्ने दर्ता प्रमाणपत्र प्राप्त गरेको
२) सफलतापूर्वक कम्तिमा १ वर्ष सम्म लघु ऋण सेवा तथा बचत परिचालन कार्य गरेको अनुभव भएको
३) पहिलो वर्ष बचत रकम कूल लगानीमा रहिरहेको रकमको कम्तिमा २५% रहेको
४) संचित असूली दर कम्तिमा ९० प्रतिशत रहेको
५) कुशल तथा सक्षम व्यवस्थापन भएको
६) लघुवित्त वा ऋण सम्वन्धी कारोवारको उपयुक्त सूचना प्रणाली भएको
७) व्यवसायिक योजना वा वार्षिक बजेट तर्जुमा गर्ने गरेको
८) ऋण लगानी असूली सम्वन्धी लिखित कार्यविधि वा म्यानुअल भएको
९) आधुनिक लेखा प्रणाली अवलम्वन गरेको
१०) ऋण कार्यक्रम अनुगमन र मूल्यांकन सम्वन्धी निश्चित आधार तथा परिपाटीको व्यवस्था भएको
११) कम्तिमा ५० जना सक्रिय ऋणी भएको
१२) सेण्टरले प्रदान गरेको ऋण रकमबाट लगानी भएको ऋणी मध्ये कम्तिमा २५ प्रतिशत ऋणी महिला हुनुपर्नेछ
१३) कम्तिमा रु. १५ लाख वित्तीय साधन सुलभ भएको
१४) ३ वर्षको वित्तीय अवस्था हेर्दा वित्तीय आत्मनिर्भरता तर्फ उन्मुख भएको
१५) कम्तिमा रु. ५ लाख खुद पूजी (Networth) भएको
१६) समयमा लेखापरीक्षण भएको
१७) प्रतिवद्ध र क्रियाशील संचालक समिति र व्यवस्थापन टोली भएको ।

आवेदन फारम तथा त्यसका साथ संलग्न गर्नुपर्ने विवरणहरु यस सेन्टरमा सोझै सम्पर्क गरी वा सेन्टरको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ ।

RMDC
**रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि. (RMDC)**
पो.ब.नं. : २०७८९, पुतलीसडक, काठमाडौं,
फोन नं.:०१-४२६८०१९, ४२६८०२०, फ्याक्स नं. ०१-४२४७७०२
Email:rmdc@wlink.com.np, Web: www.rmdcnepal.com




# अर्बुदरोग अर्थात् क्यान्सर के हो ?



✍... प्रा.डा. अञ्जनीकुमार शर्मा

मानव शरीर अरबौं कोष र कोशिकाहरूबाट बनेको हुन्छ । ती कोषहरू उमेरसँगै स्वाभाविक रूपमा बढ्दै जान्छ । तर, जब शरीरका कोष या कोशिकाहरूको समूह अस्वाभाविक रूपमा बढ्दै जान्छ, त्यही कोशिकाहरूको अस्वाभाविक वृद्धिलाई क्यान्सर भन्ने गरिन्छ । कोषहरूको यो वृद्धिलाई समयमा नै नष्ट गरिएन वा हटाइएन भने यो शरीरभरि नै फैलिन्छ र अन्ततः यसले रोगीलाई मृत्युवरण गर्ने अवस्थामा पुऱ्याउँदछ । जब शरीरका कोषहरू अस्वभाविक रूपमा बढ्दै जान्छन्, त्यसले गिर्खा, अल्सर (घाउ) वा ट्युमरको रूप लिन्छ । सामान्यतया ट्युमर दुई किसिमका हुन्छन् । एउटा उग्रप्रवृत्तिको ट्युमर (Malignant) र अर्को नरम (Benign) अर्थात् नम्र प्रवृत्तिको ट्युमर ।

उग्रप्रवृत्तिको ट्युमर (Malignant) घातक हुन्छ । यो शरीरको एक भागबाट अर्को भागमा सर्ने वा फैलने गर्दछ । जबसम्म शल्यक्रिया वा अन्य उपचारद्वारा यसलाई नष्ट गरिन्न, तबसम्म यो शरीरको विभिन्न भागहरूमा फैलिरहन्छ । यही उग्र प्रवृत्तिका कारण यस ट्युमरलाई क्यान्सर अर्थात् अर्बुदरोग नाम दिइएको हो । पछि गएर यस्तो ट्युमर ठूलो घाउ बन्दछ र रक्तश्राव, इन्फेक्सन भई ज्यान पनि लिन्छ ।

अर्को नम्र प्रवृत्तिको ट्युमरलाई Benign भनिन्छ । यो हानिकार हुँदैन । र, शरीरका अन्य भागमा पनि यसले आक्रमण गर्दैन । सामान्यतयाः यस्ता ट्युमरले क्यान्सरको रूप लिँदैन ।

अर्बुदरोग अर्थात् क्यान्सर सरुवा रोग वा सङ्क्रमण रोग हो कि ? भन्ने पाठकहरूलाई लाग्न सक्दछ । यो सरुवा रोग वा कुनै प्रकारको सङ्क्रमण रोग भने होइन । किनकि यो कुनै जीवाणुको कारणबाट हुँदैन । त्यसैले पनि यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैन । तर, क्यान्सरका कोषहरू भने विभिन्न माध्यमबाट शरीरको एक भागबाट अर्को भागमा फैलिने गर्दछन् । यसका अतिरिक्त अर्बुदरोग शरीरका निश्चित तन्तुहरूबाट पनि विकसित हुन्छ, जस्तै रगतकै कोषहरूबाट Leukaemia हुन्छ ।

**क्यान्सर फैलने तरिका**

साधारणतः क्यान्सर शरीरमा तीन किसिमले फैलिन्छ ।

क) क्यान्सर कोशिकाहरू सोझै शरीरको एक तन्तुबाट सँगैको अर्को तन्तुमा सरेर बढ्ने गर्दछ ।

ख) क्यान्सरका कोशिकाहरू शरीरका अंग वा तन्तुहरूबाट निस्कने एक किसिमको रंगहीन क्षार (Lymph) मा प्रवेश गर्दछ र लिम्फ ग्ल्याण्डतिर प्रवाहित हुने गर्दछ ।

ग) अर्बुदरोग (क्यान्सर) का कोशिकाहरू रक्तनलीमा बढ्दै जान्छन् र रगतकै माध्यमबाट शरीरका अन्य भागहरूमा फैलिन्छन् ।

**क्यान्सर हुने कारण**

अर्बुदरोग अर्थात् क्यान्सर यही कारणले हुन्छ भनेर किटान गर्न गाह्रो छ । तर, वातावरणमा केही चीज हुन्छन् जसलाई Carcinogens भन्ने गरिन्छ, त्यसले क्यान्सर रोग गराउन मद्दत गर्छ । जस्तो कि जुन व्यक्तिले धुम्रपान गर्छन् वा खैनी, सुर्ति सेवन गर्छन्, ती व्यक्तिलाई घाँटी, फोक्सो र मुखको क्यान्सर हुने सम्भावना अत्यधिक रहन्छ । शरीरका तन्तुहरू बढ्दै गएको अवस्थामा त्यस्ता तन्तुहरूमा पनि क्यान्सर हुने प्रवल सम्भावना रहन्छ । त्यस्तै प्रदूषण, क्यान फुड, धुवाँ र बासी खाना पनि क्यान्सर रोगका लागि सहायकसिद्ध हुनसक्छन् ।

त्यस्तै केही भाइरसहरूले पनि क्यान्सर बढाउनमा सहयोग पुग्ने गर्दछ । जस्तै इबीभी, हेपाटाइटीस बी, र HVP भाइरसहरू । यी बाहेक अलकत्रा, अलट्राभ्वाइलेट किरण पनि क्यान्सरका कारणमा गनिन्छन् ।

क्यान्सर के पुख्यौली रोग हो ? यो जिज्ञासा जोकोहीले पनि राख्न सक्दछन् । पुख्यौली गुणहरूका कारणले गर्दा पनि केही मात्रामा क्यान्सर हुने सम्भावना रहन्छ । आमाबाबु दुवै वा कोही एकमा क्यान्सर रोग भएमा सन्तानमा पनि यो रोग हुन सक्ने सम्भावना रहन्छ । स्तन, पाकस्थली, कोलनको क्यान्सर भने पुख्यौली हुन पनि सक्छ ।

आँखामा हुने एकप्रकारको क्यान्सर (रेटिनोब्लाष्टोमा (Retinoblastoma) पुख्यौली हुन सक्ने भनिन्छ ।

**क्यान्सरका प्रारम्भिक लक्षणहरू**

क) दिसापिसाबको आदतमा परिवर्तन देखापरेमा ।

ख) कुनै घाउ लामो समयसम्म निको नभएमा ।

ग) अस्वाभाविक रक्तश्राव भएमा वा अधिक स्खलन भएमा ।

घ) स्तन या शरीरको अन्य भागमा गिर्खा देखापरेमा ।

ङ) निल्नलाई असजिलो महसुस भएमा ।

च) मुसा, कोठी वा दागमा अस्वाभाविक वृद्धि वा परिवर्तन भएमा ।



छ) धुम्रपान गर्नेलाई खोकी लागिरहेमा वा घाँटीमा खसखस भएमा, बोली धोद्रोपना भएमा, खकारमा रगत देखिएमा ।

माथि उल्लेखित संकेतहरू देखिनासाथ चिकित्सकसँग सम्पर्क र उपचार गराउँनुपर्छ । अर्बुदरोग अर्थात् क्यान्सर सुरुकै अवस्थामा पत्ता लगाई त्यसको यथोचित उपचार गराएमा क्यान्सर शरीरको अन्य भागमा फैलन पाउँदैन र जीवन बचाउन सकिन्छ वा भविष्यमा हुने कष्टबाट बच्न सकिन्छ ।

**क्यान्सर पत्ता लगाउन प्रयोग गरने उपायहरू**


रोगीको इतिहास, रोगको जाँचको साथै एक्सरे, मेमोग्राफी, अल्ट्रासाउण्ड, सीटी स्क्यान र एमआरआईको प्रयोगले क्यान्सर भए नभएको पत्ता लगाउन सकिन्छ । त्यस्तै विभिन्न किसिमको रक्त परीक्षण, इण्डोस्कोपीद्वारा क्यान्सरको पत्ता लगाइन्छ । र, अन्तिम परीक्षण विधि साइटोलोली वा बायप्सीको प्रयोगद्वारा क्यान्सर भए नभएको यकिन गरिन्छ । बायप्सी गरी क्यान्सरको निदान गर्नु अति जरुरी हुन्छ ।

**क्यान्सरको उपचार पद्धति**

शल्यक्रिया (Surgery), कोमोथेरापी (Chemotherapy) र रेडियोथेरापी (Radiotherapy) उपचार विधिको प्रयोग गरेर क्यान्सरको उपचार गर्ने गरिन्छ ।

शल्यक्रियाको प्रयोगले क्यान्सर भएको भागलाई शरीरबाट काटेर अलग्याउने गरिन्छ । रेडियोथेरापीले शरीरको असमान रूपमा वृद्धि भएका कोषहरूलाई विकीरणयुक्त रापद्वारा सेकेर नष्ट गर्ने गरिन्छ । त्यस्तै केमोथेरापीद्वारा औषधि दिएर क्यान्सरको कोषलाई नष्ट गरी बिरामीलाई निको बनाउने प्रयास गरिन्छ ।

अन्त्यमा, सुरुमा नै निदान गरी उचित उपचार गरेमा क्यान्सरबाट मुक्ति पाउन सकिन्छ । यस तथ्यलाई मनन गर्दै प्रत्येक चेतनशील व्यक्तिले क्यान्सरका सुरुका लक्षणबारे सतर्क रहनु जरुरी छ । ००



# कलिसन्तरणोपनिषत् – २५

*यद्दिव्यनाम स्मरतां संसारो गोष्पदायते ।*
*सा नव्यभक्तिर्भवति तद्रामपदमाश्रये ।१।*
*ॐ स ह नाववत्विति शान्तिः ।*

*हरिः ॐ । द्वापरान्ते नारदो ब्रह्माणं जगाम कथं भगवन् गां पर्यटन्कलिं संतरेयमिति । स होवाच ब्रह्मा साधु पृष्टोऽस्मि सर्वश्रुतिरहस्यं गोप्यं तच्छृणु येन कलिसंसारं तरिष्यसि । भगवत आदिपुरुषस्य नारायणस्य नामोच्चारणमात्रेण निर्धूतकलिर्भवति । नारदः पुनः पप्रच्छ तन्नाम किमिति । स होवाच हिरण्यगर्भः । हरे राम हरे राम राम राम हरे हरे । हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।१। इति षोडशकं नाम्नां कलिकल्मषनाशनम् । नातः परतरोपायः सर्ववेदेषु दृश्यते ।२। इति षोडशकलावृतस्य जीवस्यावरणविनाशनम् । ततः प्रकाशते परम ब्रह्म मेघापाये रविरश्मिमण्डलीवेति । पुनर्नारदः पप्रच्छ भगवन्कोऽस्य विधिरिति । तं होवाच नास्य विधिरिति । सर्वदा शुचिरशुचिर्वा पठन्ब्राह्मणः सलोकतां समीपतां सरूपतां सायुज्यतामेति । यदाऽस्य षोडशीकस्य सार्धत्रिकोटीर्जपति तदा ब्रह्महत्यां तरति । तरति वीरहत्याम् । स्वर्णधर्मस्तेयात्पूतो भवति । पितृदेवमनुष्याणामपकारात्पूतो भवति । सर्वधर्मपरित्यागपापात्सद्यः शुचितामाप्नुयात् । सद्यो मुच्यते सद्यो मुच्यते इत्युपनिषत् ।३। हरिः ॐ तत्सत् ।*
*इति श्रीकलिसंतरणोपनिषत्समाप्ता ।१०७।*

सम्झँदा प्रिय सन्नाम संसारै बन्छ गोष्पद
अनन्य भक्तिको केन्द्र राम-कृष्ण-पदै भज !

ॐ सह नौ अवतु शान्तिः ! हरिः ॐ द्वापरको आखिरमा नारद ब्रह्माजी कहाँ पुगे र उनले सोधे - भगवन् ! पृथ्वीमा घुम्दाघुम्दै कलिमा पार कसरी पाउँला र खै म त ? अनि ती ब्रह्माले उत्तर दिनुभो - राम्रो कुरा सोध्यौ नारद ! समग्र श्रुतिशास्त्रको रहस्य जो गोप्य छ, कलिको । संसार-सागर तारिदिने त्यो तत्त्व सुनिहाल लौ ! : भगवान् आदि पुरुष नारायणको नामकीर्तन गर्नाले मात्र कलिको दोष पखालिन्छ । फेरि नारदले सोधे - 'त्यसको त्यस्तो नाम के हो त भगवन् ?' अनि हिरण्यगर्भ भगवान्‌ले भन्नुभो - हरेराम हरेराम, रामराम, हरेहरे ! हरेकृष्ण हरेकृष्ण कृष्णकृष्ण, हरेहरे ! यति सोह्रै नामै हुन् कलि-कल्मषनाशक । यसभन्दा परको उपल्लो उपाय त भएभरका वेद-वेदाङ्गमा पनि भेट्टाइन्न । यति सोह्र कलाले बेरिएर जङ्गम र स्थावर विनाश हुन पुगेपछि मात्र अनि पो त बादल हटेपछिको सूर्यका किरणहरूको मण्डली झैं परब्रह्म प्रकाशित (झलझलाकार) देखिन्छ नि ! ।

नारदले फेरि सोधे - भगवन्, यसको विधि के हो त ? अनि सबका जेठा-बाराजु ब्रह्माले भन्नुभो - यसको कुनै खास विधि छैन । चाहे नुहाई धुवाई सफाशुद्ध बनोस् ! चाहे अशुद्धै बेलामा होस् ! यी नाम जपेर (पाठ गरेर, कीर्तन गरेर) त्यो ब्राह्मण (ब्रह्मज्ञान प्राप्त गरेको व्यक्ति) सलोकता (सालोक्य) मा, समीपता (सामीप्य)मा, सरूपता (सारूप्य) मा र सायुज्यता-संयुक्तता (सायुज्य) मा पुग्दछ । जुन बखत यो षोडशिक (सोह्र कला भएको) मन्त्र साढे तीन करोड जप्दछ (जपिसक्छ) त्यस बेला ब्रह्महत्याबराबरको पाप पनि पखालिसक्दछ । वीरहत्याबराबरको पापबाट पनि चोखाइसक्छ ! पितृ-देवता र मानिसहरूको अहित गरे बराबरको पापबाट मुक्त भइसक्दछ ! जुनसुकै धर्मबाट पतित भएको पापबाट पनि तुरुन्तै चोखिन जान्छ, जान्छ ! हरिः ॐ तत्सत् ! ***


**बडादसैं तथा दीपावली–२०७४ को शुभउपलक्ष्यमा देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

**क्यासिनो एसोसिएसन अफ नेपाल (CAN)**




Casino Royale — **क्यासिनो रोयल**

CASINO MAHJONG Soaltee Crowne Plaza — **क्यासिनो माजोङ्ग**

CASINO VENUS — **क्यासिनो भेनस**

Casino Pride — **क्यासिनो प्राइड**

ADVT.




CASINO RAD — **क्यासिनो र्‍याड**